एक

# मधेश प्रदेशमा सोइत र सोलकन

**गोपाल ठाकुर**

## पृष्ठभूमि

मधेश प्रदेशको मिथिला क्षेत्र सनातनी वर्णाश्रममा आधारित ब्राह्मणवादी सामाजिक संरचनाको उपज भए पनि अहिले यो क्षेत्रमा वर्गीय रूप लिइसकेको एउटा अन्तर्द्वन्द्व छ—"सोइत" र "सोलकन"। मधेश प्रदेश नबनुन्जेल सोइत र सोलकनको विषय यस क्षेत्रमा भुसको आगोजस्तै भित्रभित्रै थियो। तर, नयाँ संघीय संविधान, २०७२ को कार्यान्वयनसँगै मधेश प्रदेशमा यो मुद्दा सतहमा आइरहेको छ। त्यति मात्र होइन, भविष्यमा यो मुद्दा मधेश प्रदेशमा अझै मुखर रूपले वर्गीय आन्दोलनको रूपमा बाहिर आउने सम्भावना देखिन्छ। हुन त सोइत र सोलकन बीचको यो यस्तो अन्तर्द्वन्द्व हो जसबारे शास्त्रीय स्रोत भेट्न समेत मुश्किल छ। साथै, आधुनिक साहित्यमा समेत सोइत र सोलकन व्यवस्थित रूपमा लेख्य विषय बन्न सकेको देखिँदैन। यो विषय अहिलेसम्म सामाजिक कल्पनाको रूपमा लिन त सकिन्छ तर यदि यस्तो कल्पनाले समाजमा नकारात्मक असर पारेको छ भने त्यसलाई सतहमा ल्याएर निराकरणको दिशामा जान उचित हुन्छ।

सोइत र सोलकन को हुन् र तिनको सिर्जना मधेश प्रदेशको मिथिला क्षेत्रमा कसरी हुन पुग्यो ? उनीहरूमाझ भाषिक, सांस्कृतिक र अर्थ-राजनीतिक भिन्नता कुन स्तरमा छ र यस्तो भिन्नताले उनीहरूमाझ कुन स्तरको विभेद/अन्तर्द्वन्द्व सिर्जना गर्छ ? साथै, उनीहरू माझको यस्तो विभेद/अन्तर्द्वन्द्वले आम जनजीवनमा के-कस्तो प्रभाव परिरहेको छ ? यिनै प्रश्नहरूको उत्तर खोज्ने प्रयत्न यो लेखमा गरिएको छ। सोइत र सोलकनबारे प्राज्ञिक विमर्श उठान गर्न यी प्रश्नहरू महत्त्वपूर्ण छन्।

यो लेख तयार गर्नको लागि सम्बन्धित विषयमा सार्वजानिक रूपमा उपलब्ध प्रकाशित/अप्रकाशित लेख्य सामग्रीहरूको अध्ययन गरिएको छ । साथै, मैथिल संस्कृतिका विद्वान् एवं समाजका विभिन्न तह-तप्काका महानुभावहरूसँग सोइत र सोलकनबारे औपचारिक/अनौपचारिक रूपमा चरण-चरणमा कुराकानी गरिएको छ ।[१] तिनै कुराकानी मध्येबाट सन्दर्भ अनुसार आवश्यक अंश लेखमा उद्धृत गरिएको छ । पृष्ठभूमि र उपसंहार बाहेक यो लेखलाई तीन खण्डमा विभाजन गरिएको छ । सोइत र सोलकनको उत्पत्ति, संकुचन एवं विस्तारबारे लेखको पहिलो खण्डमा चर्चा छ । सोइत र सोलकन बीचको भाषिक, सांस्कृतिक र अर्थ-राजनीतिक भिन्नता/विभेदलाई लेखको दोस्रो खण्डमा केलाउने प्रयत्न गरिएको छ । र, सोइत र सोलकनको वर्तमान अवस्था र उनीहरू बीचका समकालीन अन्तर्द्वन्द्वबारे लेखको तेस्रो खण्डमा विश्लेषण गरिएको छ ।

## सोइत र सोलकनको उत्पत्ति

शास्त्रीय स्रोत तथा विभिन्न महानुभावहरूसँग समय-समयमा यसबारे जिज्ञासा राख्दा सोइतका बारेमा केही तथ्यहरू भेटिएका छन् । शास्त्रीय स्रोतलाई केलाउँदा “श्रोत्रिय”⟶सोती⟶सोति⟶सोइत हुन गएको देखिन्छ (कुमार सन् २०१०, झा सन् २०१०) । ऐतिहासिक भाषाविज्ञान अनुसार शब्दका ध्वनिहरू लोप भई व्याकरणीकरणको प्रक्रिया अघि बढ्छ । यस अनुसार “श्रोत्रिय” मा केही ध्वनि लोप भई “सोती” र त्यसपछि “सोति” भएको हो जसको मैथिली उच्चारण “सोइत” हुन आउँछ र सहजताको लागि यो शब्द नै प्रचलित हुन पुगेको देखिन्छ । यस प्रकार सोइतको अर्थ बुझ्न शब्दकोशमा “श्रोत्रिय” को अर्थ हेर्नुपर्ने हुन्छ । *नेपाली बृहत् शब्दकोशले* यस शब्दको अर्थमा विशेषणतर्फ “वेदको ज्ञाता, वेदमा प्रवीण” र नामतर्फ “वेद पढ्ने व्यक्ति, वेद जान्ने ब्राह्मण” उल्लेख गरेको छ भने *लोकभारती प्रामाणिक हिन्दी कोशले* नामतर्फ “त्यो जो वेद-वेदान्तहरू तथा शास्त्रहरूको राम्रो ज्ञाता हो” र “ब्राह्मणहरूमा एक जाति” उल्लेख गरेको छ (वर्मा र कपूर सन् १९९८) । हिंखोजका अनुसार यो शब्दको अर्थ “प्राचीन भारतमा त्यो विद्वान् जसले छन्द आदि कण्ठस्थ गरी तिनको अध्ययन-अध्यापन गर्दथ्यो” हुन्छ ।[२]

विभिन्न विद्वत्जनसँग कुराकानी गर्दा पनि वेद-वेदान्तको उत्कृष्ट ज्ञान हासिल गरी अध्ययन-अध्यापनमा लागेका ब्राह्मणको उच्चतम् श्रेणी नै सोइत हो भन्ने बुझिन्छ । सामाजिक अभियन्ता रामरिझन यादवका अनुसार दिल्लीका मुस्लिम बादशाहहरूले मैथिल ब्राह्मण कामेश्वर ठाकुरलाई सन् १३५३ मा दरभंगाको राजा बनाए । उनको यस कथनलाई

[१] मे २२, २०२२ देखि जुलाई ५, २०२२ सम्मका विभिन्न मितिमा यी कुराकानी गरिएको हो । कुराकानी गरिएका व्यक्तिहरूका लागि अनुसूची १ हेर्नुहोस् ।

[२] हेर्नुहोस्, http://hinkhoj.com

ठाकुर (सन् १९५६) ले पुष्टि गरेका छन् । त्यसपछि तिनी, तिनका वंशज र राजकाजमा सघाउने ब्राह्मणहरूले आफूलाई सोइत भन्न थालेका हुन् (झा सन् २०१०) । झाका अनुसार कुजौली मूलको भखरौली शाखा (कुजलिवार भखरौली मूल) का शुक्ल यजुर्वेदीय मध्यन्दिन शाखीय कात्यायन गोत्र र "कात्यायन-विष्णु-अङ्गिरस" त्रिप्रवरका ब्राह्मणहरू श्रोत्रिय अर्थात् सोइत हुन् । उनका अनुसार सोइतहरूको पुर्खा चौधौँ शताब्दीमा हालको विहार (भारत) को कुजौली गाउँमा बसोबास गर्दथे (झा सन् २०१०) ।

जहाँसम्म सोलकनको कुरो छ, यो शब्द अहिलेसम्म स्लोभेनियामा एउटा सानो बस्तीको नामको साथै एउटा औषधीको नाम रहेको थाहा पाइन्छ ।[३] तर सामाजिक रूपमा समुदायगत पहिचानको अर्थमा अहिलेसम्म शब्दकोशहरूमा यो शब्द समावेश भएको देखिन्न । धीरेन्द्र प्रेमर्षिका अनुसार "सोडस्कन्ध" बाट सोलकन हुन गएको हो । "सोड" भनेको "बलियो" र "स्कन्ध" भनेको "काँध" अर्थात् सोलकनले बलियो काँध भएको व्यक्ति वा समुदायलाई जनाउँछ । *लोकभारती प्रामाणिक हिन्दी कोश* (संक्षिप्त संस्करण) ले "सोड़" र "सौंड़" लाई पर्यायवाची मानेको छ जसको अर्थ हुन्छ "ओढ्ने बर्को" (वर्मा र कपूर सन् १९९८) । त्यसै गरी, हिंखोजले यसको अर्थ "ओढ्ने गह्रौँ बाक्लो कपडा" अर्थात् "सिरक" उल्लेख गरेको छ । यसै गरी, यी दुवै कोशीय स्रोतले "सौंड़ा" को अर्थ "चौड़ा" देखाएका छन् । यसरी यी शब्दार्थहरूलाई संश्लेषण गरी हेर्दा सोलकनको अर्थ "बाक्लो वा फराकिलो काँध भएको व्यक्ति वा समुदाय" हुन पुग्छ । यसरी सोइत र सोलकन क्रमशः मानसिक र शारीरिक श्रम गर्नेहरूका परिचायक शब्दावलीहरू हुन् भन्दा अत्युक्ति नहोला ।

स्रष्टा तथा चिन्तक रोशन जनकपुरीका अनुसार "श्रोत्रिय" नै सोइत हुन पुगेका र उनीहरू मूलतः मैथिल ब्राह्मणहरू मध्येको सर्वोच्च श्रेणीमा रहेका समुदाय हुन् । साथै, उनीहरूले आ-आफ्ना घरमा आवासीय कामदारको रूपमा रहेका श्रमिकहरूलाई सोलकन भन्ने गरेका थिए ।[४] त्यस्तै, पिछडावर्ग अभियन्ता वीरबहादुर महतोले श्रम र सिपमा सोह्रै कलाले निपुण सोरह जातहरूलाई सोरह वा सोलह कण भनेर संकुचित गर्दा समस्त शब्द सोलकन बन्न पुगेको तर्क अघि सारेका छन् । यो कुरो पनि ठीक हो, शारीरिक श्रम गर्नेहरूको काँध ठेला परी बाक्लो बर्को जस्तो त हुने नै भयो । साथै, शारीरिक सिप नभइकन पनि सधैँ बाक्लो काँधले मात्रै नपुग्ने भएर कलामा निपुण त हुनु नै पर्‍यो । अतः सोइत र सोलकन समुदाय क्रमशः मालिक-दास अर्थात् मूलतः शोषक र शोषितकै श्रेणीमा सिर्जित भएको देखिन्छ ।

[३] चन्देश्वर साहसँग जुन २०, २०२२ मा गरिएको कुराकानी ।

[४] रोशन जनकपुरीसँग मे २२, २०२२ मा गरिएको कुराकानी ।

विभिन्न स्रोतहरूलाई उल्लेख गर्दै एक लेखमा दिनेश यादव सोलकनको अर्थ गैर-ब्राहण समुदाय हो भन्ने निष्कर्षमा पुगेका छन् (यादव सन् २०१९) ।[५]

यसै गरी, यादवले यस आलेखमा आएको सुझावको आधारमा सोइत र सोलकन मात्रै होइन, “सोहमत,” “गोइत,” “अवर्ण” जस्ता शब्दावलीहरू पनि समकालीन मैथिल समाजमा चलेको प्रसंगलाई पनि यसरी कोट्ट्याएका छन् :

> सोईत ब्राम्हणहरूमध्ये पनि “उच्च” मानिने प्रवर्ग हो । शब्दको श्रोत “श्रोतिय” हो । वेदाध्ययनको श्रवण परम्परामा श्लोकहरू “लेखिए” वाक्यको भावार्थ ठम्याउन नसक्ने “कुपात्र” ले पनि पढ्न सक्ने भएर पवित्र श्लोकहरू “बिटुलिने” सम्भावना रहेको मानिन्थ्यो । गुरु मन्त्र नसुनेकालाई वेद वाक्य “सुन्न” पनि मनाही थियो । ब्राह्मण मात्र वेद पढ्न र पढाउन पाउँथे । क्षत्रियले गुरू मन्त्र प्राप्त गरेपछि वेद पढ्न पाउँथे, तर पढाउन भने वर्जित थियो । वैश्य वेद पाठ “सुन्न” सम्म पाउँथे, पढ्न र पढाउने कुरा नै भएन । शूद्र (पानी चल्ने तर सवर्ण पंक्तिमा बस्न नपाउने) र अवर्ण शूद्र (पुरानो मान्यता अनुसार छायाँ समेत अपवित्र ठहऱ्याइएका) प्रवर्गलाई वेद ज्ञान पूर्ण रूपमा निषेध गरिएको थियो । भक्ति आन्दोलन (सन् ८०० देखि सन्

[५] सोलकनको अर्थ गैर-ब्राहण समुदाय हो भन्ने निष्कर्षमा पुग्न यादवले उल्लेख गरेका आधार यस प्रकार छन् : १) रामधारी सिंह दिवाकरले आफ्नो हिन्दी कथा वर्णाश्रममा पण्डित वचेश्वर झालाई सोइत र बिलट महतोलाई “शूद्र” र सोलकन दुवै रूपमा पण्डित झाले परिचित गराएको देखिन्छ । यहाँ पण्डित झाले बिलट महतोलाई अछूत त नरहेकै पुष्टि गर्दछन् तर सोलकन भएकोले उसको छोरोको शैक्षिक उन्नति नहोस् भन्ने चाहना राख्दा-राख्दै पनि बिलटकै छोरोले उनको छोरोलाई जागिर लगाइदिएकोमा पछुतो पनि गरेको देखिन्छ । २) कात्तिक २०, २०७१ को *कान्तिपुर* दैनिकको हवाला दिँदै पत्रकार चन्द्रकिशोर झाले “सवर्ण” बाहेक सबै सोलकन रहेको लिखित तथ्य उद्धृत गरेका छन् । ३) परमेश्वर कापडीले सोलकनलाई तल्लो वर्णभन्दा माथि मानेको सन्दर्भ (विदेह सन २०१२) उल्लेख गरेका छन् । ४) विहारको मधुवनी जिल्लामा तमुरिया नजिक बेरमामा ब्राह्मणहरूले त्यहाँको निवासी शम्भु मण्डललाई सोलकन भनी अपहेलित मात्रै नगरी उनले लड्डु चढाउन नसक्ने, प्रणाम गर्न नसक्ने भनेर उनीहरूलाई अछूतकै श्रेणीमा राखिएको कुरा कपलेश्वर राउतले आफ्नो रचना छुवाछूतमा उल्लेख गरेको सन्दर्भ दिइएको छ । ५) देव कुमारले अगष्ट ३१, २०१२ मा *जनसत्ता*मा लेखे अनुसार मिथिलामा सोलकन कथित निम्न जातको जातिसूचक शब्द हो जसको मिथिलाञ्चलमा बिनासंकोच प्रयोग हुन्छ र यसकारण यो अरूलाई अपमान, वेदना र हिनताबोधले ग्रसित तुल्याउने एउटा कामलाग्दो शब्द हो भन्ने सन्दर्भ उल्लेख छ । ६) भारतमा विद्या म्युजिक प्रा.लि. ले सन् २०१९ मा बजारमा ल्याएको एउटा भिडियो गीतको शीर्षक “चंठ ब्राह्मण, लट्ठ सोलकन” लेखिएको छ र गायकले आफूलाई हरिजन उल्लेख गराएका छन् । पूरै गीत हेरे-सुनेपछि हरिजन पनि सोलकन नै हो भन्ने पुष्टि हुन्छ (यादव सन् २०१९) ।

१७०० सम्मको कालखण्ड) पछि समाज सुस्तरी श्रवण परम्पराबाट पठन परम्परा तिर उन्मुख हुन थाले पछि वर्णव्यवस्था कमजोर हुँदै गएको हो । नेपाल मात्र होइन, सोइत अब भारतीय मिथिलामा पनि खासै बाँकी छैनन् ।

सोइतको खानपान (निरामिष, लसुनप्याज वर्जित, स्वयंपाकी), आचार (शौच पछि स्नान, मौन साधना, नगद कारोवारबाट जोगिने), व्यवहार (भाषिक शुद्धताको नाममा संस्कृतको प्राधान्य, यहाँसम्म कि लोक भाषाका भजन समेत नरुचाउने) एवं सम्बन् (स्वजाति, छुवाछूत, आशौच) जस्ता गुणदोषका अंकुशहरूले गर्दा मैथिल ब्राह्मणमै पनि सोइत भेट्टाउन गाह्रो छ । माछामासु खाने, मद्यपान पनि गर्ने एवं संस्कृतभन्दा पनि फारसी पढेर मुसलमान शासक एवं अंग्रेजी सिकेर अंग्रेजसँग संगत गरेका कायस्थ एवं राजपुतलाई सोइत भन्न कतैबाट पनि मिल्दैन । सम्पन्न भए पनि शारीरिक श्रम वर्जित नरहेका भूमिहारहरूको जीवनशैली कुनै किसिमले पनि "खडाउबाट खुट्टा नझिक्ने" सोइतसँग मिल्दैन । सन् १९६० को दशकसम्म पनि मिथिला क्षेत्रका तथाकथित "चार जात" (कायस्थ, ब्राह्मण, भूमिहार तथा राजपूत) वा "बड्कालोक" भनिनेहरू "सोहमत" कहलिन्थे । सोहमत शब्दको अर्थ समाजको व्यवहार जानेकाहरूको समूह हुनु पर्दछ । "सोलकन्ह" शब्दको प्रयोग खानपिन, लवाइ, भाषा एवं रहनसहन माटोसँग जोडिएकाहरू जस्तो हुन्थ्यो । शायद त्यसैले ब्राह्मणलाई सोइत, गोआरलाई गोइत जस्तो मैथिली लोकोक्तिले यादवहरूको एउटा प्रवर्गलाई सोइत समकक्ष राखिएको हुनु पर्दछ ।

शारीरिक श्रम गर्नेहरूका लागि "सोलकन्ह" वा सोलकन शब्दको प्रयोग स्थापित अर्थसँग अमिल्दो छैन । मानसिक श्रम गर्ने समूहलाई सोइत प्रवर्गमा राख्ने कुरा पुनर्विचार गर्न उचित हुनेछ । हिन्दीमा "अगडा" एवं "सवर्ण" जस्ता शब्द प्रचलित छन् । मैथिलीको "सोहमत" आजभोलि प्रयोगमा छैन । कुनै ठेठ शब्दको नव्यप्रयोग (निओलजी) पनि मान्य चलन नै हो । (यादव सन् २०१९)

यी सुझावहरूसँग असहमतिका साथ अर्को सुझाव यस प्रकार पनि आएको छ :

शारीरिक होस् वा बौद्धिक, श्रम गर्नेहरू श्रमिक नै हुन् । विभेदको पहिचान आर्थिक र सामाजिक असमानता तथा विभेदित श्रेणीबाट हुन्छ । यस्तो विभेदमा बौद्धिक श्रमिक पनि परेका हुन्छन् । किनभने बौद्धिक श्रममा शारीरिक श्रमको भूमिका हुन्छ भने शारीरिक श्रममा पनि बुद्धिको प्रयोग त हुन्छ नै । वस्तुतः असमानता जब विशेष बौद्धिक श्रमलाई विशेष सामाजिक, राजनीतिक र आर्थिक हैसियत दिइन्छ, अनि विरोध र संघर्षको स्थिति खडा हुन्छ । (यादव सन् २०१९)

माथिका लेख्य सामग्री, सुझाव र स्थलगत कुराकानीलाई आधार मान्दा समग्रमा मानसिक श्रमको माध्यमले समृद्ध जीवन बाँच्नेदेखि शासकीय हैसियतमा रहेका हिन्दू वर्णाश्रमका कथित उपल्ला जातहरू मूलभूत रूपमा ब्राह्मण र तिनीसँगै यज्ञोपवीत धारण गर्ने अन्य जातहरू आंशिक रूपमा सोइत समुदायको प्रतिनिधित्व गर्दछन् । तिनीहरू बाहेकका सम्पूर्ण वैश्य (पिछडावर्ग) र शूद्र (दलित) ले सोलकन समुदायको प्रतिनिधित्व गर्छन् । यद्यपि, ऐतिहासिक विकास क्रममा यी दुवै समुदायको बीचमा संकुचन र विस्तारको क्रममा सम्मिश्रण नै नभएको भने होइन, यो पक्षबारे संक्षेपमा अब चर्चा गरौँ ।

### *संकुचन र विस्तार*

शुरू-शुरूमा मानसिक श्रमको साथै सांस्कृतिक, आर्थिक र राजनीतिक रूपमा शासक-शोषक श्रेणीमा पुग्नेहरूको प्रतीक सोइत हुन् । मूलतः शारीरिक श्रम र सिपको बलमा शासित-शोषितको प्रतीक भई तिनका आवासीय कामदारको रूपमा सोलकन हुन पुगे । र, क्रमशः दुवै समुदायको विस्तार हुँदैगएको देखिन्छ । अर्थात्, प्रारम्भिक अवस्थामा श्रम विभाजनसँगै आएको वर्ग विभाजनको परिणामको रूपमा देखिएका यी समुदायहरू कुनै स्थान विशेषमा नभई सिंगो सनातनी समुदायमा हुनुपर्ने हो र ब्राह्मणवादको रूपमा भारतीय उपमहाद्वीपमा देखिएको पनि छ । मिथिलामा भने यो विशिष्टीकृत रूपमा स्थान विशेषमा देखिएको छ । यो शब्दावली मैथिल समाजभन्दा पर प्रयोग भएको देखिन्न । मैथिल समुदायमा पनि मैथिल ब्राह्मणहरूमा पनि सर्वोच्च मानिने श्रोत्रिय (सोइत) ब्राह्मण नेपालमा छैनन् भन्ने दावा साहित्यकार विनीत ठाकुर (मैथिल ब्राह्मण) को छ ।[६] तर, रोशन जनकपुरीका अनुसार भारतको विहार प्रान्तको तिरहुत प्रखण्ड र विशेष गरी दरभंगा र मधुवनी क्षेत्रमा ब्राह्मणहरूमा अधिकांशतः सोइत ब्राह्मण नै छन् । नेपालमा पनि जनकपुर, लाहान, राजविराज र विराटनगरमा सोइतहरूको बसोबास छ ।[७] यसको साथै मधेश प्रदेशको निर्माण पश्चात् यस प्रदेशमा मैथिलहरूको बाहुल्यको दाबीसँगै सिंगै मधेश प्रदेशमा यसको विस्तार हुँदैजाने देखिन्छ । किनभने, सोइत समुदाय अब सर्वोच्च श्रोत्रिय मैथिल ब्राह्मणहरूमा मात्रै सीमित नरही सबै मैथिल ब्राह्मण र मैथिल कायस्थसँगै त्यस क्षेत्रका राजपूत र भूमिहारहरूको पनि उल्लेख्य अंश यस समुदायमा भावनात्मक रूपले जोडिन पुगेका छन् । त्यस्तै, सोलकन समुदायले पनि अब सोइतको आवासीय कामदार जातहरूमा मात्रै सीमित नरही मूलतः जनै नलगाउने सम्पूर्ण वैश्य र शूद्र अर्थात् पिछडावर्ग र दलितहरू समेतलाई समेटेको छ ।

[६] विनीत ठाकुरसँग मे २०, २०२२ मा गरिएको कुराकानी ।

[७] रोशन जनकपुरीसँग मे २२, २०२२ मा गरिएको कुराकानी ।

रोशन जनकपुरीका अनुसार सोइत मैथिल ब्राह्मणहरू मध्यकालमा सामन्ती सरदार मात्रै नभएर राजा पनि हुने गरेको वा राजा नहुँदा राजकाजमा सम्पूर्ण दैविक मामिला हेर्ने गरेको र कायस्थहरू श्रेस्तादार भई लौकिक मामिला हेर्ने गरेको हुँदा यी दुवैमाझ पनि खाडल बन्दै गएको हो ।[८] तर राजा-रजौटा उन्मूलनको साथै सामन्तवादको राजनीतिक उन्मूलन क्रमशः हुँदै जाँदा कायस्थहरू पनि दुई वर्गमा विभाजित भए । वर्गोत्थान गरेकाहरू साहु-महाजन र नेता बन्दै गए भने यथास्थानमा रहन गएकाहरू अहिले पनि श्रमिक नै छन् । तर, साक्षरता र शिक्षामा कायस्थहरू अगाडि रहेकाले सिंगै समुदायलाई सोलकनहरूले सोइतभित्रै राखेर हेर्ने गरिन्छ ।

मैथिल ब्राह्मण र कायस्थहरूको तुलनामा राजपूत र भूमिहारहरू त्यति कट्टर छैनन् । सोइत समुदायभित्र परिहाल्ने उनीहरूको व्यवहारले बलियो गरी पुष्टि गर्दैन । तर, धेरैजसो स्थानीय सामन्त जमिनदारहरू यी जातहरूमै भएकोले सोलकनहरूले यिनलाई पनि सोइतभित्रै राखेर हेर्ने गरेका छन् । पूर्वमन्त्री मातृका प्रसाद यादवका अनुसार सोइत र सोलकनको शुरूआत क्रमशः श्रोत्रिय ब्राह्मण र त्यस इतर समुदायलाई जनाउने गरी भए पनि अहिले यो त्यति मात्रैमा सीमित छैन । अहिले सोइतबाट पनि सोलकन हुने अर्थात् स्रोत-साधन परिचालनमा पछाडि परेकाहरू सोइतमा पनि छन् भने सोलकनबाट माथि उक्लिनेहरूको जमात पनि देखिएको छ । तसर्थ अब यो “सम्पन्नता” र “विपन्नता”को परिचायकको रूपमा विस्तारै स्थापित हुँदैगएको छ । सोइत र सोलकन बीचको भाषिक, सांस्कृतिक र अर्थ-राजनीतिक भिन्नताबारे अबको खण्डमा चर्चा गरौँ ।

## भाषिक, सांस्कृतिक र अर्थ-राजनीतिक भिन्नता

### *भाषिक भिन्नता*

भाषिक भिन्नताको कुरो गर्ने हो भने सबैभन्दा पहिले *एथ्नोलग*ले मैथिलीलाई ब्राह्मण र अन्य उच्चजाति अथवा शिक्षित हिन्दूहरू—जो संस्कृति र भाषालाई प्रभावित गरिरहन्छन्—ले प्रयोग गर्ने भाषाको रूपमा परिचित गराएको छ ।[९] त्यसैले, जातिगत रूपमा यसमा माथिल्ला-तल्ला तहहरू देखिन्छन् जस अनुसार खास गरी गैरब्राह्मण भाषिकालाई तल्लो स्तरको मानिएको छ ।

*एथ्नोलग*द्वारा प्रस्तुत मैथिलीको यस्तो संक्षिप्त परिचयले स्पष्टतः मैथिलीलाई सोइतहरूको भाषाको रूपमा चित्रित गरेको छ । यसलाई समेत उद्धृत गर्दै सीके राउतले मैथिली भाषा

[८] रोशन जनकपुरीसँग मे २२, २०२२ मा गरिएको कुराकानी ।

[९] *एथ्नोलग* विश्वका भाषा सम्बन्धी “डेटाबेस” राख्ने चर्चित वेबसाइट हो । थप जानकारीका लागि https://www.ethnologue.com/language/mai हेर्नुहोस् ।

कुनै प्राचीन भाषा नभई यसलाई ग्रिअर्सनले पहिलो चोटि (सन् १८८१ मा) अस्तित्वमा ल्याएको बताएका छन् । साथै, उनले मधेश प्रदेशमा मैथिली भाषा ३ प्रतिशत जनसंख्याले मात्रै बोल्ने हुनाले यो क्षेत्रीय भाषा नभइकन एउटा जातीय भाषा हो, जसले जातीय छुवाछूतलाई बढावा दिन्छ भनेका छन् । यो नामस्रोत (इपोनिम) हो, जो कुनै व्यक्तिको नाममा आधारित छ भन्ने उनको अर्को दाबी छ (राउत सन् २०१८) । राउतका यी अभिव्यक्तिले मिथिला क्षेत्रमा ठूलै विवाद उत्पन्न गराएको थियो ।[१०] ग्रिअर्सन (सन् १९०९ : आईएक्स–एक्स) ले मैथिलीको व्याकरण लेख्न दुई स्रोतहरू उल्लेख गरेका थिए । तिनमा उत्तरी मिथिलाका पण्डितहरू, विद्यालय शिक्षकहरू तथा अन्य विशेष विद्वान्हरूद्वारा गरिएको हिन्दी र संस्कृत व्याकरणहरूमा पाइने व्याकरणिक कोटिहरूको मैथिली अनुवाद पहिलो स्रोत; र उनका कचहरीमा आएर वकपत्र गर्नेहरूले प्रयोग गरेका शब्दावली तथा ग्रामीण गीतहरूको संकलन दोस्रो स्रोतको रूपमा उल्लिखित छन् । त्यसै गरी, उनले तयार गरेको मैथिली व्याकरण तत्कालीन दरभंगा जिल्लाको मधुवनी प्रशाखा र भागलपुर जिल्लाको केही आसन्न भागमा बोलिने स्तरीय मैथिलीको व्याकरण रहेको पनि ग्रिअर्सन (सन् १९०९ : एक्सआई) ले बताएका छन् ।

भाषा विज्ञानका हिसाबले मैथिलीको पहिलो चारित्रिक विशेषता हो यसको कथ्य र लेख्य रूपमा देखिने भिन्नता । निश्चय पनि कथ्य भाषाकै जगमा लेख्य भाषा अडेको हुन्छ र त्यो लेख्य भाषा जति बढी जटिल भयो त्यति नै बढी कथ्य भाषाले नयाँ बाटो पहिल्याउने सम्भावना रहन्छ । सोइतहरूको स्तरीय मैथिलीमा लेख्य-कथ्य भिन्नता अलि बढी छ भने सोलकनहरूको कथित ठेठी मैथिलीमा यो भिन्नता नगण्य छ । यो लेखकले स्वयं अनुभव गरेका सोइत मैथिलीमा लेख्य-कथ्य भिन्नताका केही उदाहरणहरू तालिका १ मा दिइएको छ ।

यस लेखकले केही वर्ष पहिले सांस्कृतिक अभियानको क्रममा पहिलो चोटि जनकपुरदेखि राजविराज सम्मको बसयात्रा गर्दा अचम्मित नै हुनु परेको थियो । रेडियो नेपालमा जागिरे हुँदा मैथिली समाचार डेस्कमा काम गर्ने अरू साथीहरू सँगको संवादमा प्रयोग हुने भाषा र जनकपुरदेखि राजविराजसम्म यात्रुको रूपमा बसमा चढ्ने र ओर्लने आम जनताको भाषामा गज्जबको भिन्नता देखियो । यो लेखक भोजपुरी भाषी भएको र रेडियो नेपालमा भोजपुरी समाचार सम्बद्ध पनि रहेको बेला मैथिली समाचार सम्बद्ध साथीहरू सँगको संवादमा जुन कठिनाइ बेहोर्नु परेको थियो, जनकपुरदेखि राजविराज सम्मको यात्रामा त्यसभन्दा कैयौँ गुणा बढी बोधगम्य महसुस भयो । पछि थाहा पाएँ, मैथिली समाचारमा

[१०] सीके राउतका यी अभिव्यक्ति विरुद्ध त्यति बेला गजेन्द्र कुमार राय (गजुर) ले तिखो प्रतिवाद समेत गरेका थिए (हेर्नुहोस्, राय सन् २०१८) ।

काम गर्ने साथीहरूमा एकजना चन्देश्वर साह बाहेक बाँकी तीनजना सोइत थिए र साहले पनि मैथिलीमै विद्यावारिधि गरेको हुनाले उनको पनि भाषा त्यस्तै थियो ।

**तालिका १ : सोइत मैथिलीमा लेख्य-कथ्य भिन्नता**

| लेख्य रूप | उच्चारित/कथ्य रूप | नेपाली |
|---|---|---|
| सोति | सोइत | सोइत |
| पानि | पाइन | पानी |
| गारि | गाइर | गाली |
| धरि | धइर | सम्म |
| धनुषा | धउन्सा | धनुषा |
| अछि | अइछ | छ |
| छथि | छइथ | हुन्/हुनुहुन्छ |
| छठि | छइठ | छठ |

*स्रोत : लेखक स्वयं ।*

यसरी मैथिली भाषामा सामाजिक तह देखिनु सोइत र सोलकनको परिचायक हो । सोइतहरूले कथित स्तरीय मैथिलीको प्रयोग गर्दछन् भने उनीहरूको शब्दमा सोलकनहरूले ठेठी मैथिलीको प्रयोग गर्दछन् । स्तरीय मैथिलीमा आमा बाहेक अरू सबैलाई उच्च आदरार्थी शब्दावलीको प्रयोग गरी सम्बोधन गरिन्छ भने ठेठी मैथिलीमा उच्च आदरार्थी अपरिचित र सामाजिक-राजनीतिक स्तरमा माथिका व्यक्तित्वहरूको लागि प्रयोग गरिन्छ । तर, यस विषयमा प्राज्ञ धीरेन्द्र प्रेमर्षि के थप्छन् भने स्तरीय मैथिलीभन्दा पनि माथिल्लो स्तरको सोइत मैथिली हो । सोइत मैथिलीमा आमालाई पनि उच्च आदरार्थीकै प्रयोग हुन्छ ।

यस प्रकारको सामाजिक/सामुदायिक भिन्नतालाई सूर्य प्रसाद यादवले मैथिलीको समाजभाषा-वैज्ञानिक अध्ययनमा बडो मसिनो तरिकाले प्रदर्शित गरेका छन् । यस कृतिमा उनले सामाजिक/सामुदायिक भिन्नताका दुई तह देखाएका छन् : ब्राह्मण र गैरब्राह्मण । यस लेखमा माथि प्रस्ट्याइएको आधारमा यो वास्तविक रूपमा सोइत र सोलकन बीचको भाषिक भिन्नता नै हो । यादवले यी भिन्नताहरूलाई वार्णिक, रूपगत, रूपवाक्यात्मक र वाक्यगत स्तरमा देखाएका छन् (यादव सन् २०२१ : ५५–९७) । यस लेखमा त्यति धेरै मसिनो गरी विस्तृत रूपमा देखाउन सम्भव नभए पनि केही उदाहरणहरू दिएर प्रस्ट्याउन जरुरी छ ।

**तालिका २ : वार्णिक भिन्नता**

| सोइत | सोलकन | नेपाली | खास वार्णिक भिन्नता |
|---|---|---|---|
| ल | लए | लिनु | अ-अए |
| द | दए | दिनु | ऐ. |
| भ | भए | हुनु | ऐ. |
| क | कए | गर्नु | ऐ. |
| खा | खए | खानु | आ-अए |
| ना | नए | नुहाउनु | ऐ. |
| अएल | एल | आयो | अए-ए |
| गेल | गएल | गयो | ए-अए |
| भेल | भएल | भयो | ऐ. |
| चलु | चलऽ | जाऔँ | उ-अ |
| सुतु | सुतऽ | सुतौँ | ऐ. |
| हल्दी | हर्दी | बेसार | ल-र |
| नारियल | नारियर | नारिवल | ऐ. |
| नमहर | लमहर | लामो | न-ल |
| नरम | लरम | कमलो | ऐ. |
| केला | केरा | केरा | ल-र |
| पितल | पितर | पितल | ऐ. |
| यौ | हौ | हजुर | य-ह |
| यौ | गौ | हजुर | य-ग |
| तुँ | तु | तिमी | अनुनासिक-ø |
| सँ | स | द्वारा | अनुनासिक-ø |

*स्रोत : यादव (सन् २०२१ : ५६–६२) ।*

**तालिका ३ : रूपगत भिन्नता**

| सोइत | सोलकन | नेपाली | खास रूपगत भिन्नता |
|---|---|---|---|
| जनसब | जनाउर | खेतालाहरू | सब-आउर |
| पंडितलोकनि | पंडितसब | पण्डितहरू | लोकनि-सब |
| विद्यार्थीगण | विद्यार्थीसब | विद्यार्थीहरू | गण-सब |

*स्रोत : यादव (सन् २०२१ : ६३–६९) ।*

*आदर संगतिमा भिन्नता*

आदर संगतिको लागि तलका उदाहरणहरूलाई हेरौँ :

सोइत : हम बाबुकैं सोर पारलिअइन्ह। (यादव सन् २०२१ : ६९)
"मैले बुवालाई बोलाएँ।"

सोलकन : हम दाजुके सोर पारलिअई। (यादव सन् २०२१ : ७०)
"मैले दाज्युलाई बोलाएँ।"

यी उदाहरणहरूमा सोइत मैथिलीमा पारलिअइन्ह बुवाको आधारमा आदरार्थी बनाइएको छ भने सोलकन मैथिलीमा पारलिअईमा त्यो संगति देखिन्न।

*कारकीय भिन्नता*

आदर संगतिमा देखाइएका वाक्यहरूमा सोइत मैथिलीमा सम्प्रदान कारक विभक्ति कैं आएको छ भने सोलकन मैथिलीमा के आएको देखिन्छ।

**तालिका ४ : वाक्यगत भिन्नता**

| सोइत | सोलकन | नेपाली |
|---|---|---|
| हम सुतइत छी | हम सुतइछी | म सुतिरहेको छु। |
| हम सुतलउँह | हम सुतली | म सुतेँ। |

*स्रोत : यादव (सन् २०२१ : ७५)।*

यहाँ पहिलो वाक्यमा सोइत मैथिलीमा क्रियामा वर्णलोप देखिन्न भने सोलकन मैथिलीमा क्रियामा वर्णलोप देखिन्छ। त्यसै गरी, दोस्रो वाक्यमा सोइत मैथिलीमा सम्बोध्य संगति देखिन्छ तर सोलकन मैथिलीमा सम्बोध्य संगति देखिन्न।

यी उदाहरणहरूमा सोइत र सोलकनले बोल्ने भाषाहरूमा सोलकनको भाषा भोजपुरी तथा अन्य हिन्द-आर्य भाषा-भाषीहरूको लागि बढी बोधगम्य रहेको तथ्य उजागर हुन्छ। यिनै कारणहरूले गर्दा यस लेखकले आफ्नो पहिलो जनकपुर-राजविराज बस यात्रामा धेरैजसो सोलकनहरू नै चढ्ने र झर्ने गरेकोले उनीहरूको भाषालाई बुझ्न बढी सहज महसुस गरेको थियो तर रेडियो नेपालमा आफ्नै सहकर्मी सोइत मैथिलहरू सँगको कुराकानीमा त्यो सहजता महसुस हुन सकेको थिएन।

यो लेखकले विद्यापतिका गीतहरू सुन्दा र पढ्दा उनको भाषा आफ्नै मातृभाषासँग नजिक रहेको अनुभूति भइरहन्थ्यो। पछि शोध-खोज गर्दा विद्यापतिको वंशवृक्ष विष्णु ठाकुरबाट शुरू भएको जसका दुई जना पनातिहरू देवादित्य ठाकुर र भवादित्य ठाकुरमध्ये देवादित्य सिम्रौनगढबाट मिथिलामा शासन गर्ने कर्णाटवंशी राजा हरिसिंहदेवका मन्त्री

भएको जानकारी पाइयो । पछि यिनै देवादित्य ठाकुरको पाँचौँ पुस्तामा विद्यापति ठाकुर जन्मेको भेटिन्छ । यस प्रकार विद्यापतिको पुख्यौंली सिम्रौनगढ प्रमाणित हुन्छ (सहाय सन् १९६५) । पछि विद्यापतिको कीर्तिलता काव्यावलोकनको क्रममा विद्यापतिले आफ्नो भाषालाई आफैले अवहट्ठ बताएको तथ्य पनि उल्लिखित भेटियो :

देसिल बअना सबजन मिट्ठा
*तें तैसन जम्पञो अवहट्ठा ।* (सक्सेना सन् २०१४ : ६; अग्रवाल सन् १९६२ : १५; झा सन् २०२० : ४४)
देशी बोली सबैलाई प्यारो हुन्छ
त्यसैले म आफ्नो मातृभाषा अवहट्ठमा रचना गर्दछु ।

अवहट्ठ पनि क्षेत्र अनुसार फरक-फरक देखिन्छ, जस्तै पश्चिमी अवहट्ठ, मध्यदेशीय अवहट्ठ र पूर्वी अवहट्ठ । मध्यदेशीय अवहट्ठ नै विकसित भएर ब्रज, अवधी, खडी बोली, भोजपुरी, मैथिलीको रूपमा अघि बढेको विद्वान्हरूले बताएका छन् किनभने यी सबै आधुनिक हिन्द-आर्य भाषाहरू तत्कालीन मध्यदेशका महाजनपदहरूका भाषाहरू नै हुन् (वर्मा सन् १९५५ : ११) । यसको अर्थ, अवहट्ठले क्षेत्रीय विशेषता अनुरूप भिन्नता प्रदर्शन गर्न शुरू गरिसकेको थियो । विद्यापतिको पुख्यौंली सिम्रौनगढ भएको र उनले प्रयोग गरेको भाषा अद्यापि सिम्रौनगढको जनबोलीसँग नजिक भएको हुँदा निजको भाषालाई मैथिली भन्नु तर्कसंगत होइन । यसरी अवहट्ठलाई मैथिली भन्नु र त्यसलाई पनि सोइतहरूको बन्धक बनाइनु त एक प्रकारको सामाजिक कसूर ठहर्छ । राउत (सन् २०१८) ले पनि विद्यापतिलाई मैथिलीको कवि भन्नु तथ्यसंगत होइन भनेका छन् ।

तर अब मूलतः स्तरीय मैथिलीको प्रयोग गर्ने सोइतहरूले सोलकनहरूको भाषालाई मैथिली र उनीहरूलाई मैथिल भनेर स्वीकार नगर्ने प्रवृत्तिको विरोधको साथ-साथै भारतवर्षको उत्तरी क्षेत्रका धेरै भाषाहरूको मूल मागधी भएको हुँदा सोलकनहरूले अचेल आफ्नो भाषालाई मगही नामले पहिचान दिलाउने आन्दोलन पनि चलाएका छन् । यस सन्दर्भमा बालकेश्वर ठाकुरले मधेश प्रदेशमा मैथिली बहुसंख्यकको भाषा हो भन्ने धारणा विवादास्पद रहेको उल्लेख गरेका छन् । साथै, मिथिला विभिन्न कालखण्डमा मगध साम्राज्यको अधीन रहेको हुँदा गंगाले मगहीको प्रभावलाई छेक्न सकेन । र मगहियाहरूको निर्वाध आवागमनका साथै यहाँको बहुसंख्यक जनताले बोल्ने गरेको भाषा मगही बन्न पुग्यो । किनभने मागधीबाट नै भोजपुरी, मैथिली र मगहीजस्ता भाषाहरूको जन्म भएको कुरो ऐतिहासिक भाषाविज्ञानले उजागर गर्दछ भनी ठाकुर (२०७८) ले तर्क गरेका छन् ।

मैथिली साहित्यमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गरेका चन्देश्वर साहका अनुसार उनले सोइत मैथिली नै प्रयोग गरे पनि उनले प्रयोग गर्ने भाषा र उनका उपाधिको सोइत समुदायले कहिल्यै पनि कुनै कदर गरेनन् । साथै, उनी अहिले आफ्नो भाषालाई मैथिली नभई मगही भन्दछन् र मगही व्याकरण पनि नेपालमा उनले पहिलो पटक तयार गरेका छन् । यो भाषिक विभेद यतिमै सीमित छैन । यादव (२०७८) ले गैरब्राह्मण सहितका अन्यले बोलेको मैथिली लेखाइमा किन समावेश नगर्ने ? बहिष्करण किन ? के मैथिलीमा योग्यता र क्षमता नभएर तिनीहरूलाई बहिष्करण गरिएको हो ? जस्ता प्रश्नहरू उठाउँदै यस बहिष्करणलाई समावेशीकरणतिर लान अपील गरेका छन् :

> केही दिन यता सामाजिक सञ्जालमा मैथिली र मगही भाषाबारे पक्ष र विपक्षमा बहसले व्यापकता पाएको छ । यी दुवै भाषाप्रति मेरो कुनै आग्रह/पूर्वाग्रह छैन । मैले दुवैलाई सम्मानपूर्वक लिएको छु । अन्य भाषाभाषीप्रेमी, भाषासर्जक र भाषिक अनुयायीलाई सबैको भाषिक अधिकारको सम्मान गर्न विनम्र आग्रह पनि गर्दछु । हिजोसम्म मैथिली बोल्नेहरू आज किन आफूलाई मगहीभाषी भन्न थालेका छन् ? मेरो विचारमा यो एउटा विद्रोह हो । मेरो यो आलेखलाई धेरैले "आगोमा घिउ" थपेको पनि भन्ठान्लान् । केहीले मेरो यो प्रतिक्रियालाई जातीयतासँग जोडेर पनि हेर्लान् । त्यस्ता सोच राख्नेहरूलाई विद्रोहको आगो निभाउने प्रयास गर्न पनि मेरो सविनय आग्रह छ । के यो विद्रोह रातारात भएको हो त ? मैथिली भाषामा वर्षौंसम्मको भाषिक थिचोमिचो, एकल जातीय वर्चस्व, मैथिल ब्राह्मणवादी मानसिकता, भाषिक कार्टेलिङ, सीमित व्यक्तिको भाषिक सिन्डिकेट, केही व्यक्तिको नटवरलालगिरी ... लगायतको कारणले यो अवस्था आएको हो जस्तो लाग्छ । त्यसैले, मैथिली र मगही भाषीबीचको यो बहस स्वाभाविक हो । यसलाई सकारात्मक रूपमा लिनैपर्छ । कसैले आफूलाई मगही वा मैथिलीभाषी भन्न सक्छन् । यसमा उसको व्यक्तिगत वाक स्वतन्त्रता र भाषिक अधिकार पनि हो । त्यसैले, यो वा त्यो वा कुनै बहानामा दबाउन पाइन्न । फकाउन भने सकिन्छ । (यादव २०७८)

यादवका अनुसार मैथिलीमा मानक र जातिका नाममा वर्षौंदेखि विवाद छ जसको समाधान गर्नुको साटो सही मार्गदिशा देखाउनेलाई भाषिक विर्ता ठान्नेहरूले तिरस्कार र बहिष्कार गर्दैआएका छन् । यादवले आफ्नै भोगाइको आधारमा प्रयोग गर्ने मैथिली भाषा र शैलीलाई कथित मैथिली अभियानी/जातिवादी विद्वान्हरू मैथिली भाषा मान्न तयार छैनन्, देखिन्नन् । झापादेखि रौतहट सम्मलाई मैथिलीभाषी क्षेत्र भनेर दाबी गर्ने तर

उनी सप्तरीवासीको भाषालाई मैथिली नमान्ने प्रवृत्तिप्रति “मैथिली कथित मानक जातिको मात्रै हो कि ? यदि होइन भने बहुसंख्यक अब्राह्मण /सोलकन /दलित/ मुस्लिम/थारू सहितलाई यसमा किन अटाइन्न ?” जस्ता प्रश्नहरू तेर्स्याउँदै मैथिली विषयक प्राथमिक र माध्यमिक तहका पाठ्यपुस्तकहरूका विषयवस्तु र लेखन-सम्पादनमा ब्राह्मणवादी सोच अर्थात् सोइत मानसिकता प्रस्ट देखिएको निष्कर्षमा जो कोही पनि सजिलै पुग्नसक्ने उनले उल्लेख गरेका छन् ।

नेपालको मैथिलीभाषी जनसंख्याको ९८ प्रतिशत सोलकन हुँदाहुँदै २ प्रतिशत सोइतहरूको कब्जामा मैथिली रहेको केही अनुसन्धाताको तर्क देखिन्छ। उदाहरणका लागि दिनेश यादवले “मैथिली कि मगही ?” शीर्षकको एक लेखमा मैथिली पाठ्यपुस्तकहरूको लेखन-सम्पादन र पाठ्यसामग्रीमा पनि सोलकनहरूलाई बहिष्करणमा पारिएको बताएका छन् । लेखकहरूमा धीरेन्द्र झा “प्रेमर्षि” र धर्मेन्द्र झा “विह्वल” दुवै जना सोइत भएको, केही गैरब्राह्मण सोलकनहरू परिमार्जनकर्ता भए पनि त्रुटिहरू उस्तै रहेको उनले आफ्ना आलेखमा बताएका छन् । उनका अनुसार कक्षा ९ को मैथिली पाठ्यपुस्तकमा २१ ओटा पाठ छन्, जसमा कथित मानक जातिका लेखक १४ (६६.६६%) [जसमा ११ ब्राह्मण र तीन कायस्थ], दुई यादव (९.५२%), दुई साह (९.५२%) र एक धानुक (४.७९%) तथा दुई जात नखुलेको (९.५२%) लाई समेटिएको छ । नाम उल्लेख नभए पनि तिनको मानसिकता भने उही छ (यादव २०७८) ।

यादव (२०७८) बाट उद्धृत पाठ्यांशहरूलाई केलाउँदा सोइतहरूले गल्ती गरिरहँदा पनि उनीहरूको भाषा मानक भइरहने तर सोलकनहरू पछयाउन खोज्दा पनि स्वीकार नगर्ने प्रवृत्ति उजागर हुन्छ । अति अल्पसंख्यक हुँदाहुँदै पनि मानकीकरणको अधिकार आफूसँग रहेको मान्ने सोइतहरूले मैथिलीलाई बन्धक बनाएकै कारण सोलकनहरूले आफ्नो ठेठी मैथिली वा जनबोली मैथिलीको अलग्गै पहिचानको रूपमा मगही नामकरण गरी अगाडि बढ्ने अभियानमा केही अभियन्ता जुटेको देखिन्छ । त्यसै गरी, कारीगर (सन् २०२१) ले मिथिला र मैथिलीको दुर्दशाका लागि दोषी को-को हुन् भनी प्रश्न उठाउँदै स्वार्थी ब्राह्मणवाद, पिछलग्गू सोलकन र लुकीचोरी गर्ने मिथिला समाजलाई मिथिलाको दुर्गतिका लागि जिम्मेवार ठहऱ्याएका छन् । भाषिक भिन्नताको विषयलाई जनमत पार्टीका अध्यक्ष सीके राउत, जो वि.स. २०७९ को संसदीय निर्वाचनमा सप्तरीको प्रतिनिधि सभा क्षेत्र नं. २ बाट सांसद पनि निर्वाचित छन्, ले आफ्ना पार्टीका केही अन्य सांसद समेत “मधेशी” भाषामा शपथ लिएकोबाट पनि भाषिक विभेद विरोधी गतिविधिलाई उजागर गर्दछ ।

## *सांस्कृतिक भिन्नता*

सांस्कृतिक भिन्नतामा चार ओटा भिन्नतालाई प्रमुख रूपमा लिन सकिन्छः पञ्जी प्रबन्ध, पहिरन, खानपान तथा केही चाडपर्वहरू। यी भिन्नताबारे संक्षेपमा तल चर्चा गरिएको छ।

*पञ्जी प्रबन्ध*

पञ्जी प्रबन्ध नै पहिलो आधार हो, जसका कारण यसमा सामेल नभएका वा नगराइएकाहरूलाई मैथिल मान्न नसकिने वा तिनीहरू बाहिरबाट आएका हुन् भन्ने कल्पना सोइतहरूको छ। सगोत्री वा सहोदरहरूको बीचमा हाडनातामा पर्ने महिला-पुरुषको विवाह रोक्ने उपायको रूपमा सिम्रौनगढका कर्णाटवंशीय राजा हरिसिंहदेवले चौधौँ इस्वी शताब्दीको शुरूमा यो पञ्जी प्रबन्ध शुरू गरेका थिए। त्यसको केही वर्षमै दिल्लीका सुल्तान गयासुद्दीन तुग्लकको आक्रमणमा परी कर्णाटवंशीय शासनको अन्त्य भइसकेपछि दिल्ली सल्तनतको गुमस्ताको रूपमा राजा बनाइएका कामेश्वर ठाकुरले चौधौँ इस्वी शताब्दीको उत्तरार्धमा यसलाई पुनःव्यवस्थित गरेका हुन् (मिश्र सन् १९४९; ठाकुर सन् १९५६; पाण्डेय सन् २०१४)। यो पञ्जी प्रबन्धलाई अद्यावधिक गर्न पञ्जीकार वा पञ्जियारहरू नियुक्त गरिन्थे। मूलभूत रूपमा यो पञ्जी प्रबन्ध ब्राह्मणहरूको "मूल" मा आधारित एउटा कुलीनतन्त्र हो जसले मैथिल पहिचानको व्यवस्थित शुरूआत गरेको देखिन्छ। अर्थात्, विभिन्न मानवीय मूलहरू (वंशहरू) छन् जसबाट मैथिल ब्राह्मणहरूको निर्माण भएको हो। यसरी चौधौँ शताब्दीअघि कुनै मैथिल पहिचान थियो भन्ने कुरो पुष्टि नभए पनि एक-दुई जना सोइत प्रतिनिधि पात्रसँग यो लेखकको विभिन्न कार्यक्रमहरूमा जम्काभेट हुँदा उनीहरूले मैथिल ब्राह्मण वा कायस्थभन्दा बाहिरकाहरू मैथिल नरहेको दाबी गरेका थिए। यो यस्तो व्यवस्था हो जसले गर्दा कर्मको आधारमा ब्राह्मण हुने सनातनी मान्यतालाई खण्डित गर्छ। यो पञ्जी प्रबन्धको मूल उद्देश्य स्वमूलीय रक्त सम्बन्धलाई रोक्ने र ब्राह्मण-ब्राह्मणबीच मात्रै विवाह सम्पन्न गर्ने थियो र अहिले पनि छ। स्वमूलीय रक्त सम्बन्धलाई रोक्नु वैज्ञानिक कदम हो भने कर्मको आधारमा हुने ब्रह्मणत्वलाई वंशको आधारमा सीमित गर्नु यसको कमजोर पक्ष हो। यसपछि यो पञ्जी प्रबन्ध कायस्थहरूमा पनि चल्यो, तर अन्य जातहरूमा चलेन। पछि यो पञ्जी प्रबन्ध भित्रकालाई मात्रै मैथिल मान्ने परम्पराको विकास भयो।

यस आलोकमा पञ्जी प्रबन्धलाई हेर्ने हो भने सोइत र सोलकनको व्यवस्थित, औपचारिक र अभिलेखीय शुरूआत यसबाट भएको देखिन्छ। यसले तत्कालीन समाजमा बहिष्करणको पहिलो बीजारोपण गरेको ठहर्छ। स्वमूलीय रक्त सम्बन्ध रोक्नु वैज्ञानिक हुँदाहुँदै त्यसको लागि पञ्जी प्रबन्ध दुई जात ब्राह्मण र कायस्थका लागि मात्रै गर्नु सामन्ती व्यवस्थाको बहिष्करण नीतिलाई दर्शाउँछ। यद्यपि, कायस्थभित्र पनि शासक र शासितको

खाडल उत्पन्न भइसकेको प्रसंग माथि उल्लेख भइसकेको छ । त्यति मात्रै होइन, अन्तर्जातीय वा अन्तर्सांस्कृतिक विवाह गर्दा पनि ती जोडी यस पञ्जी प्रबन्धमा नअट्ने भए । यस विषयमा अन्तर्जातीय-अन्तर्सांस्कृतिक परिणय-सुत्रमा बाँधिएका मैथिल ब्राह्मण वंशीधर मिश्रसँग जिज्ञासा राख्दा अब उनी त्यो पञ्जी प्रबन्धभन्दा बाहिर रहेको जानकारी पाइयो । अर्थात्, अब उनी मैथिल रहेनन् । यद्यपि, साहित्यकार विनीत ठाकुरका अनुसार मैथिल ब्राह्मण र कायस्थहरूले अन्तर्जातीय विवाह गरे पनि पञ्जी प्रबन्धमा उनीहरू दर्ता हुन्छन् तर पाण्डेय (सन् २०१४) ले प्रस्तुत गरेका तथ्यहरूले यसलाई पुष्टि गर्दैनन् । विवाहकै कुरा गर्ने हो भने सनातनी परम्परामा आठ प्रकारको विवाहलाई मान्यता दिइएको छः ब्रह्म विवाह (दुवै पक्षको अभिभावकीय सहमतिमा), दैव विवाह (कुनै सेवा कार्यको लागि गरिने कन्यादान), आर्श विवाह (कन्या खरिद), प्रजात्य विवाह (कन्याको मञ्जुरीबिना), गन्धर्व विवाह (प्रेम विवाह), असुर विवाह (कन्या खरिद), राक्षस विवाह (बिनासहमति कन्या हरण), पैशाच विवाह (बेहोश युवतीसँग शारीरिक सम्बन्ध) । विवाहका यी प्रकारहरूलाई हेर्ने हो भने यस पञ्जी प्रबन्धले रूपमा ब्रह्म विवाहको पक्षपाती देखिए पनि सारमा यसको प्रकृति आर्श, प्रजात्य, असुर, राक्षस र पैशाच विवाहसँग बढी नजिक देखिन्छ । किनभने यसै पञ्जी प्रबन्धको आधारमा मैथिल ब्राह्मण र कायस्थहरूको बेहुला मेला लाग्ने गर्दछ जहाँ बेहुलीको मञ्जुरीले कुनै अर्थ राख्दैन । त्यसै गरी, यस प्रथाले ब्रह्मणत्वलाई वंशाणुगत बनाउन खोजेको छ जब कि ब्रह्मणत्व कर्म हो वंश होइन :

> *जन्मना जायते शूद्रः संस्काराद्द्विजोच्यते ।*
> *वेद पाठाद्भवेद्विप्रः ब्रह्म जानातीति ब्राह्मणः । ।* (स्कन्ध पुराण)
> (जन्मदा सबै शूद्र हुन् । संस्कारले द्विज, वेद पढे पछि विप्र र ब्रह्मज्ञान पश्चात् ब्राह्मण हुन पुग्छन् ।)

यस प्रकार यो पञ्जी प्रबन्धले कर्मानुसार वर्णोन्नति वा वर्णावनतिको शास्वत प्रक्रियालाई अवरुद्ध गरी वर्णविभेदलाई स्थायित्व दिएको ठहर्छ । जहाँसम्म सोलकनहरूको सवाल छ, हाडनाता पर्नेहरू बीचमा विवाह त त्यहाँ पनि निषेध नै छ तर कुनै पञ्जी प्रबन्ध प्रथा छैन ।

### *पहिरन*

मैथिलहरूले भन्ने गरेको पाग एक प्रकारको फेँटा हो । सामान्यतया विद्यापतिको तस्बिरमा उनले लाएको पाग कपडाको फेँटा हो भन्ने प्रस्टै चिनिन्छ । यो फेँटा कम्तीमा पाँच हात लम्बाइ र एक-दुई हात चौडाइ भएको सेतो, क्रीम वा गेरु रङको गम्छाको हुने गर्दछ । तर, त्यसै आकार-प्रकारमा हाल सामान्य औद्योगिक उत्पादनको रूपमा पनि अहिले पाग बिक्री

हुन्छ जो कृत्रिम रूपमा फेँटा देखिन्छ भने त्यसको बनावट एक प्रकारको टोपीको हुन्छ, जुन मैथिलको पर्यायको रूपमा एउटा सम्मान सामग्री पनि हो । तर, यो आम मैथिलहरूको संस्कृति होइन । यो पनि सोइतहरूमा मात्रै सीमित छ, जसलाई सम्पूर्ण मैथिलहरूको सांस्कृतिक प्रतीकको रूपमा सोइतहरूले प्रयोग गर्ने गरेका छन् । यसको विरोध गर्नेलाई मैथिल नमान्ने सार्वजनिक अभिव्यक्ति सहित सोइतहरूले सांस्कृतिक आन्दोलन चलाएको पनि देखिएको छ ।

*खानपान*

खानपान पनि सोइत र सोलकनमा फरक छन् । सोलकनहरूले सामिष (मांसाहारी) र निरामिष (दूध-दही र मिष्टान्न सहितका शाकाहारी) खाना एउटै बसाइमा एउटै थालमा खाँदैनन् । सोइतहरूले सामिष-निरामिष दुवै प्रकारका खाना एउटै थालमा त खान्छन् नै, खाएभन्दा दोब्बर खाना नफाली उनीहरूको बिहा भोज उत्कृष्ट नै ठहर्दैन । खानपानको कुरो गर्ने हो भने सोइतहरूको भोजमा आवश्यकताभन्दा बढी खाने र खाएको भन्दा बढी फाल्ने प्रचलन छ । सुन्दा हाँसो वा मजाक जस्तो लागे पनि कुरो अलि गम्भीर छ । एक जना मेरा मित्र जो साम्यवादी पाठशालामा मेरा समकालीन हुन् र जन्मले मैथिल ब्राह्मण र पेशाले चिकित्सक पनि हुन् उनले मलाई सधैँ त्यस्तै सल्लाह दिन्थे । तर, उनकै भाइको जन्ती जाँदा उनले खानाबारे जे अभिव्यक्ति दिए, म त दंगै परेँ । उनको भनाइ थियो : “ठाकुरजी, डाक्टर-अस्पताल सबैको व्यवस्था छ । कम खाने होइन । सकेसम्म बढी खानु होला । विरामी भए उपचार गरिन्छ ।” यसरी बढी खाएर उपचार गर्नुभन्दा त थोरै खाएको राम्रो नि भनेर यो लेखकको प्रतिक्रियामा उनको उत्तर थियो, “पहिले त मैथिल ब्राह्मणहरूको जन्तीमा खाँदाखाँदै एक-दुई जना मर्दा बरु राम्रो भोज भएको बढाइँ चल्थ्यो, अहिले त बरु त्यस्तो छैन ।” खाने बेलामा पनि दही-चिउरा, मेवा-मिष्टान्नदेखि माछा-मासुसम्म उही थालमा आए क्रमैसँग । मुश्किलले एक चौथाइ खाएको र तीन चौथाइ बाँकी नै रहेका जूठा थालहरू उठाइए ।

सोइतहरूको खानपानबारे यति भन्न सकिन्छ कि सोइतहरू खानामा आफै पनि सौकिन हुने र मीठा परिकारहरू आउँदै जाँदा बरु औषधी नै खानुपर्ने गरी उल्टी आउञ्जेल खाइरहने गर्दा रहेछन्, जो सोलकनहरूको बानी पनि हुँदैन र उनीहरूको सामर्थ्यले पनि भ्याउँदैन । यद्यपि, समृद्धिमा उक्लेका सोलकनहरूले पनि शान-सौकत देखाउन अब यो अपसंस्कृतिको अनुयायी बन्न थालेको देखिन्छ ।[११]

[११] सन्त आलोकसँग जुन २३, २०२२ मा भएको कुराकानी ।

*संस्कार र चाडपर्वमा भएका भिन्नता*

सोइत र सोलकनहरूको बीचमा केही संस्कार तथा चाडपर्व मनाउने तरिका तथा केही चाडपर्व मनाउने/नमनाउने जस्ता भिन्नता पनि देखिन्छ । साझा संस्कार र चाडपर्वको मनाउने तरिका हेर्दा सोइतहरूका संस्कार र चाडपर्व मान्त्रिक र सोलकन लगायत गैर द्विजहरूका संस्कार र चाडपर्वहरू अमान्त्रिक हुने गर्दछन् । यसको साथै एकले मनाउने र अर्काले नमनाउने चाडपर्वहरू पनि छन् । तिनको विवरण तल दिइन्छ ।

उपनयन : सोइतहरूमा उपनयन हुन्छ, जसलाई खास साइत हेरेर एउटा उत्सवको रूपमा मनाइन्छ । सोलकनहरूमा उपनयन हुँदैन । त्यसको साटो सोलकनहरूमा कुल गुरुले कुनै पनि दिन कानमा गुरुमन्त्र फुकेर सीक गराउने गर्दछन् । त्यसैले, सोइतहरू उपनयन पश्चात् अनिवार्य रूपमा यज्ञोपवीत (जनै) धारण गर्दछन् भने सोलकनहरूमा यज्ञोपवीत लगाउँदैनन् । सोइतहरूको देखासिकी गरी कुनै सोलकनले यज्ञोपवीत धारण गरे पनि उपनयन संस्कार सम्पन्न नगरी फेशनको रूपमा मात्रै लाएका हुन्छन् ।

सिद्धान्त : खास गरी बेहुला-बेहुलीलाई मूल-गोत्रको आधारमा बिहेको स्वीकृति दिने संस्कारको नाम हो सिद्धान्त । यसमा दुवै पक्षका सात पुस्ता सम्मका मूल पञ्जी प्रबन्धको आधारमा भिडाउने गरिन्छ । सातै पुस्तासम्म मूल-गोत्र मिलेन भने पञ्जीकारहरूले विवाहको स्वीकृति दिन्छन्, यदि कहीँकतै मिल्यो भने त्यस्तो बिहे अस्वीकृत हुन्छ । मुख्य रूपमा सिद्धान्त कुनै धार्मिक स्थलमा गरिन्छ जसमा पञ्जीकारको भूमिका सर्वोपरि हुन्छ । किनभने ती पञ्जीकारहरूसँग मूल गोत्रसँग सम्बन्धित पञ्जी हुन्छ जसको आधारमा उनीहरूले प्रस्तावित विवाह स्वीकृत वा अस्वीकृत गर्ने गर्दछन् । यसका लागि वर र वधू पक्षका आफन्तहरू कुनै धार्मिक स्थलमा आमनेसामने बस्छन्, बीचमा दुवै पक्षको तर्फबाट डाला (बाँसको ढक्की) राखिन्छ जसमा पान-सुपाडी-मसला आदि राखिएको हुन्छ । पञ्जीकार रातो कलमले वर र वधू पक्षका मूलहरू लेख्छन् र तिनको मिलान गरी कहीँ-कतै स्वमूलीय-सगोत्री हुने स्थिति नआएमा पञ्जीकारले मंगलाचरणको मन्त्रोच्चारण गरी पञ्जी अनुरूप विवाहको लागि स्वीकृति दिन्छन् । त्यसपछि धोती, कुर्ता, पाग-दोपट्टामा सज्जिएका वर र वधूका दाजु-भाइले लोटा उठाउँछन् र दुवै पक्षमाथि गुलाबपात्रबाट इत्र छर्किन्छन् । अहिले यो संस्कार बढी खर्चिलो हुने गरेको छ ।

सोलकनहरूमा यस्तो सिद्धान्तको प्रचलन छैन । कुनै-कुनै सोलकन समुदायमा बढीमा दुवै पक्षका बुढापाकाहरूले वर र वधूका पितृ र मातृ मूलहरू सोध्छन् र सकभर नमिलेको अवस्थामै बिहे हुने गर्दछ । तर, सोइतहरू जस्तो पञ्जीकार राख्ने र लिखित स्वीकृति लिने संस्कार सोलकनहरूमा छैन ।

विवाह चतुर्थी : विवाह चतुर्थी एक प्रकारको पुनः विवाह संस्कार गराउने विधि हो, जसले विवाहलाई स्थायित्व प्रदान गर्दछ । यो संस्कार बेहुलीकै घरमा हुन्छ । यसमा बेहुला-बेहुलीले विवाहको चार दिनसम्म नून बारेका हुन्छन् । यसका अतिरक्त बेहुलालाई हवनको धुवाँ लगाएर, काउकुती लाएर, विभिन्न परिहास गरेर, उल्याएर अप्रत्यक्ष रूपमा उसको भौतिक, मानसिक र सामाजिक स्वास्थ्य परीक्षण गरिन्छ । बेहुला स्वस्थ भएको पाइएमा हलोको जुवामा बसाएर बेहुला-बेहुलीलाई दही-बेसारको मिश्रण "मधुखार" लगाएर नुहाइन्छ । बेहुला-बेहुली दुवैले आ-आफ्ना ससुरालीबाट आएको लुगा लाउँछन् यसमा वरले गठबन्धन भएकै धोती लाउनुपर्छ । यसपछि बेहुला-बेहुली दुवै कुलदेवी भगवतीलाई ढोग्छन् । त्यस बेला बेहुलाको हातमा पान-सुपाडी र बेहुलीको हातमा सिन्दूर हुन्छ । यस दिनदेखि बेहुलीले रातो सिन्दूर लाउन शुरू गर्छे । यस प्रकारको चतुर्थी संस्कार सोलकनहरूमा हुँदैन तर कतैकतै सोइतहरूको अनुकरण गरेको भेटिन सकिन्छ ।

मधुश्रावणी : नवविवाहिता वधुहरूका लागि सोइतहरूमा मधुश्रावणी पर्व हुने गर्दछ । यो पर्व विवाहोपरान्त पहिलो साउन महिनाको कृष्णपक्षको पञ्चमीदेखि शुक्लपक्षको तृतीया तिथिका दिनसम्म मनाइन्छ । यसरी सामान्यतया १३ दिनको यो पर्व चन्द्रमास अनुसारको तिथिको घटबढ हुँदा यसको अवधि पनि थपघट हुने गर्दछ । यसमा बेहुला पक्षबाट बेहुलीको घरमा कोसेली पठाइन्छ । अर्थात्, यो पर्व बेहुलीले माइतमा मनाउने सामान्य प्रचलन भए पनि ससुरालीमा मनाउने गरेको पनि नदेखिएको होइन (हमाल २०७४) । मधुश्रावणी नवविवाहिता महिलाको लागि शिक्षा र मनोरञ्जनको पर्व हो (झा २०७६) । यस पर्वमा गौरी, महादेव र नागदेवता (विषहरा) को पूजा-अनुष्ठान गर्ने परम्परा छ । यस पर्वको तयारी साउन कृष्ण पक्षको चतुर्थीकै दिन प्रारम्भ हुन्छ जुन दिन नवविवाहिता महिला नुहाइधुवाइ गरी चोखो हुने र पूजाको लागि महिलाहरूको समूहमा गीत गाउँदै, परिहास गर्दै फूल तथा बेलपत्र टिप्ने गर्दछन् । यो फूल र बेलपत्र माता गौरी र महादेवलाई भोलिपल्ट चढाउने गरिन्छ । यस पर्वमा गोसाउनी गीत, गौरीगीत, शिवनचारी, महेशवाणी, कोहबरगीत आदि गाउने प्रचलन छ । यसमा नागदेवताका पाँच आकृतिहरू बनाइन्छ र विशेष प्रकारको अरिपन (कलात्मक परिधानमा सजाइएको आसनस्थान) माथि पूजा सामग्री राख्ने गरिन्छ । यो पर्व माता गौरीको पञ्चोपचार पद्धतिबाट गन्धपुष्प, धूपदीप, ताम्बुल, दूवार्दल, बेलपत्र, नैवेद्य इत्यादि द्वारा विशेष पूजा गरी शुरू हुन्छ । यसरी १३ दिनपछि शुक्ल तृतीयाको दिन यो पर्वको समापन हुन्छ । त्यसको एक दिनअघि नवविवाहिता महिला टेमी विधिमा सहभागी हुन्छे । यो विधिमा दियोको टुप्पीलाई नवविवाहिताको देब्रे गोडामा स्पर्श गराइन्छ र पछि चन्दनको लेप लगाइन्छ । यसमा पोलिएको चार स्थानमध्ये एक वा तीन स्थानमा घाउ आए श्रीमान्ले अझै माया गर्ने विश्वास रहेको छ, तर नवविवाहिता महिला गर्भवती रहेको

पाइएमा उनीहरूलाई शीतल टेमी दिइन्छ (झा २०७६) । यस पर्वमा नौ-दस दिन लगाएर मधुश्रावणीको कथा श्रवण गर्ने-गराउने परम्परा रहेको पनि साहित्यकार विनीत ठाकुर बताउँछन् । यो पर्वलाई पश्चिमा समाजको “हनीमून” सँग पनि दाँजिन्छ । तर, कुनै पनि बहानामा महिलालाई डामेर घाउ उठ्दा दाम्पत्य सुखमय हुने अन्धविश्वासलाई प्रोत्साहन गर्नु यस पर्वको दुर्बल पक्ष हो । यो पर्व सोलकनहरूमा मनाउने गरिन्न ।

कोजगरा : सोइतहरूमा कोजाग्रत पूर्णिमा अर्थात् असोज पूर्णिमाको दिन कोजगरा हुने गर्दछ । यसमा मधुश्रावणीमा बेहुला पक्षबाट पठाइएको कोसेलीको दोब्बर बेहुली पक्षबाट पठाइन्छ । यसमा बेहुलाको चुमावन (अक्षताबाट विशेष आशीर्वाद दिने प्रचलन) हुन्छ । यसमा चाँदीको कचौरामा चाँदीकै कौडी र पासा बेहुली पक्षबाट बेहुलातिर पठाइन्छ । विनीत ठाकुरका अनुसार यसमा सालोले भिनाजुलाई पासा खेलेर हराउने प्रचलन छ । बेहुलाकी बहिनीहरू सालोलाई हदैसम्म उल्याउने गर्दछन् । कोजगरा सोलकनहरूमा मनाइएको देखिन्न ।

### *अर्थ-राजनीतिक भिन्नता*

कुनै पनि समाजमा भाषिक र सांस्कृतिक भिन्नता देखिन्छ भने त्यसले पार्ने प्रभाव अर्थ-राजनीतिमै हो । तसर्थ सोइत र सोलकन समुदायको बीचमा माथि वर्णित भाषिक र सांस्कृतिक भिन्नताले अर्थ-राजनीतिक भिन्नता पनि सिर्जना गरेकै छन् । सनातन वर्णव्यवस्थाका चार खम्बा थिए : ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र । यी चारै वर्णको आधार थियो श्रम विभाजन । त्यस अनुसार ब्राह्मणका छ कर्म थिए : दान लिनु, दान दिनु, यज्ञ गर्नु, यज्ञ गराउनु, शिक्षा दिनु, शिक्षा लिनु । त्यसै गरी, क्षत्रियका चार कर्ममा दान दिनु, यज्ञ गर्नु, शिक्षा लिनु र भूमि एवं प्रजाको रक्षा गर्नु थियो । वैश्यका मुख्य तीन कर्ममा ज्ञान र गुणका कुरा सुन्नु, वाणिज्य-व्यापार गर्नु, कृषि कर्म गर्नुपरेको थियो भने शूद्रको कर्म माथिल्ला तीन वर्णको आज्ञा पालन गर्नु र तीनै वर्णको सेवा गर्नु थिए । यसरी वर्णव्यवस्थाको यो प्रारम्भिक स्वरूप श्रम विभाजनमा आधारित थियो, अर्थात् एउटै वंश वा परिवारमा श्रमको प्रकृति अनुसार ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र हुने गर्दथ्यो । तर, पछि श्रम विभाजनले वंशाणुगत स्थायित्व पाएपछि वर्णव्यवस्था पेशागत जातजातिमा परिणत भयो । जहाँसम्म सोइत र सोलकन समुदायको कुरो छ, सोइत वर्गको निर्माणले यो स्थायित्वलाई सबैभन्दा पहिले भाँचेको देखिन्छ, किनभने दिल्ली सल्तनतको गुमस्ताको रूपमा ब्राह्मणलाई राजा बनाइएको देखिन्छ (ठाकुर सन् १९५६; पाण्डेय सन् २०१४) ।

ब्राह्मणहरूको एक तह घटुवा भएकाले यिनीहरू ब्रह्मणत्व नै गुमाएर क्षत्रिय भएका हुन्, तर आफ्नो अर्थ-राजनीतिक सबलतामा यी दुवै गुण आफैसँग भएको घोषणा गर्न यिनीहरूलाई दिल्ली सल्तनत बाहेक अरू कसले रोक्ने ? अतः यिनीहरू हातमा राजदण्ड

लिएर क्षत्रिय त भए नै, श्रोत्रिय ब्रह्मणत्व पनि आफैसँग राखे (पाण्डेय सन् २०१४)। यस प्रकार घटनाक्रमले के देखाउँछ भने अर्थ-राजनीतिक सबलताको आधारमा सोइत बनेको हो भने यिनीहरूको बुहार्तन सहितका सेवामा रहने आवासीय श्रमिकहरू यिनीहरूकै नामकरणमा सोलकन हुन पुगेका हुन्। तसर्थ आर्थिक रूपमा सोइत र सोलकन बीचको भिन्नता मालिक र दासको रूपमा विकसित भयो भने राजनीतिक रूपमा राजा र रैतीको रूपमा। यसरी सोइत भनेको शासक र सोलकन भनेको शासित वा सोइत भनेको शोषक र सोलकन भनेको शोषित वर्गकै प्रतिनिधिहरू हुन्।

त्यसैले, सोइत प्रवृत्ति संघर्षमा पछाडि र उपलब्धिमा अगाडि देखिनु कुनै आश्चर्यको विषय होइन। उदाहरणका लागि अहिलेसम्म नेपालमा वितरित विद्यापति पुरस्कारको तथ्यांक हेर्दा १२ जना सोइत र ११ जना सोलकनले पाएका छन्। तर, जानसांख्यिक रूपले हेर्दा त्यहाँ ठूलो विषमता देखिन्छ।[१२] यसरी पुरस्कार पाउनेहरू जनकपुर वरिपरिका मूलतः सोइत समुदाय र उनीहरूको या त तावेदारी गर्ने वा उनीहरूको अत्यधिक विरोध गर्ने केही सोलकनहरूले पाउने गरेका छन्। दिनेश यादवका अनुसार यहाँ देखिएका सोलकनहरू पनि उनकै शब्दमा अधिकांश सोइतका "बुख्याँचाहरू" नै हुन् (यादव सन् २०१९)। त्यसै गरी, सन् १९६६ देखि २०१४ सम्म भारतमा मैथिलीको साहित्य अकादमी पुरस्कार पाउने ४५ महानुभावमध्ये ३९ जना (८६.७%) थरको आधारमा सोइत देखिएका छन् (हेर्नुहोस्, अनुसूची ३)।

अपवाद बाहेक अपमान सहेर भए पनि वर्ग संघर्षलाई रोक्न सोइतहरू फरक राष्ट्रियताका शासकहरूसँग पनि छिटो मिल्ने गर्छन्। यदाकदा वर्ग संघर्ष उठिहाल्यो भने राष्ट्रिय उत्पीडनको मुद्दालाई साम्प्रदायिकताको रंग दिएर उकास्छन् तर निर्णायक संघर्षमा मूल शासकहरूको अगाडि "त्वम् शरणम्" गर्न कति पनि बेर लाउँदैनन्। वि.सं. २००७ को सशस्त्र आन्दोलनमा सामेल भएका र पहाडे शासकहरूले मधेशीहरूसँग गर्दैआएका विभेदहरूको विरुद्ध २०१० सालमा तराई काँग्रेसको स्थापना गरेका वेदानन्द झाले पुस १, २०१७ मा राजा महेन्द्रको शाही फौजी काण्ड मार्फत आएको सामन्ती अधिनायकवादी पञ्चायती व्यवस्थाका अगाडि "त्वम् शरणम्" गरे (देवकोटा २०३५; बस्नेत सन् २०१९)। गजेन्द्र नारायण सिंह नेपाली काँग्रेसको सदस्य रही २००७ सालको सशस्त्र आन्दोलनमा सहभागी भए, २०१७ सालदेखि वर्षौंसम्म जेल र प्रवासी जीवन बिताए, मधेशको मुद्दा लिएर नेपाली काँग्रेस परित्याग गरे। तर, २०४३ सालमा राजशाहीको अगाडि "त्वम् शरणम्" गरी राष्ट्रिय पञ्चायतको सदस्य पनि बने।

[१२] विद्यापतिको नाममा नेपाल सरकारद्वारा स्थापित पुरस्कार मैथिली भाषा, कला, साहित्य र संस्कृतिमा लागेका स्रष्टा तथा कलाकारहरूका लागि कात्तिक १८, २०६८ मा स्थापना गरिएको हो। २०६८ देखि २०७६ सालसम्म विद्यापति पुरस्कार पाउनेहरूको सूचीका लागि अनुसूची २ हेर्नुहोस्।

यसै हाराहारीमा उनले गठन गरेको नेपाल सद्भावना परिषद् २०४७ सालपछि नेपाल सद्भावना पार्टीमा परिणत भयो र उनी सांसद-मन्त्री पनि भए । उनी र उनको पार्टीले संघीयताको मुद्दा उठाएको त थियो, तर मधेशलाई राष्ट्रको रूपमा व्याख्या गरी माओवादीहरूले जब मधेशी राष्ट्रिय मुक्ति मोर्चाको गठन गरे र मातृका यादव त्यसको अध्यक्ष भए, मधेश राष्ट्रको रूपमा स्थापित भयो । काठमाडौँका भित्ता-भित्तामा "गर्वसे कहु हम मधेशी छी, विदेशी भगौड़ा नई, हम धरतीपुत्र छी" नारा लेखिए, मधेश जनयुद्धमय भयो । त्यसपछि संघीयता नेपालको अन्तरिम संविधानभित्र नअटेपछि शुरू भएको मधेश जनविद्रोहले उपेन्द्र यादवलाई त्यस आन्दोलनको नेता स्थापित गऱ्यो । यी दुवै घटनाहरूलाई सोइतहरूले पचाउन नसकेर महन्थ ठाकुर (मैथिल ब्राह्मण) ले आफ्नो नेतृत्वमा तराई मधेश लोकतान्त्रिक पार्टीको स्थापना गर्न पुगेका हुन् (बस्नेत सन् २०१९) । तर, यी दुवै पक्षका अपवादहरू पनि दुवै पक्षमा भेटिन्छन् । उदाहरणको लागि सोइत प्रतिनिधि रघुनाथ ठाकुर मधेश मुक्तिको लागि एकतिर जीवन उत्सर्ग नै गरे भने मधेश केन्द्रित दलका सोइत-सोलकन दुवै समुदायको साझा नेतृत्व पंक्तिकै पलायनवादको कारण समग्र मधेश एक प्रदेशको ठाउँमा आठ जिल्ला मात्रैको मधेश प्रदेशमा खुम्चिनु परेको यथार्थलाई ओझेल पार्न सकिँदैन ।

यसको साथ-साथै मधेशमा उठेका विभिन्न आन्दोलन, जनयुद्ध तथा मधेश आन्दोलन तथा नेपालको पछिल्लो संविधानका आधारमा समकालीन मधेश प्रदेशका जनप्रतिनिधिहरूमा सोलकनहरूको पहुँच शुरू भए पनि राजनीतिक नियुक्तिमा सोलकनहरू अझै धेरै पछाडि छन् । संघीयतापछि पहिलो पटक मधेश प्रदेशमा गठन भएको मन्त्रिपरिषद्मा मुख्यमन्त्री लालबाबू राउत, सामाजिक विकास मन्त्री नवलकिशोर साह, गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साह तथा निवर्तमान मन्त्रीहरूमा पनि जीतेन्द्र सोनल, योगेन्द्र राय यादव सोलकन हुन् । तर, प्रदेश प्रमुखमा अहिलेसम्म रत्नेश्वरलाल कायस्थ, राजेश झा "अहिराज" र हरिशंकर मिश्र; नीति तथा योजना आयोगका उपाध्यक्ष भोगेन्द्र झा; मुख्य न्यायाधिवक्ता दीपेन्द्र झा सबै सोइतहरू हुन् । यद्यपि, यी सबै नियुक्ति दिने बहुसंख्यक सोलकनहरू हुन् । त्यसै गरी, सोइतहरूको बहुमत राजनीतिक रूपमा मधेश प्रदेशको पक्षमा नभई मिथिलाको पक्षमा थियो भने सोलकनहरूको बहुमत मधेश प्रदेशको पक्षमा थियो । र, त्यसै समुदायको अगुवाईमा मधेश प्रदेश स्थापित पनि हुन पुगेको हो, यद्यपि त्यो आंशिक रूपमा मात्रै छ ।

## वर्तमान अवस्था र समकालीन अन्तर्द्वन्द्वले थपेका चुनौती

माथि उल्लेख भए झैँ भाषिक, सांस्कृतिक र अर्थ-राजनीतिक भिन्नतामाझ वर्तमान अवस्था भने अलि फरक देखिएको छ । सम्मिश्रणवादको दृष्टिकोणले सोइत संस्कृतिको विस्तार र सोलकन संस्कृतिको संकुचन जस्तो देखिए पनि अर्थ-राजनीतिक पहुँचमा अघि रहेकाहरू सोइत समुदायतिर उक्लँदो अवस्थामा देखिन्छन्, जुन प्रवृत्ति श्रीनिवास अनुसार

"संस्कृतीकरण" हो (श्रीनिवास सन् १९५६ : ४८१) । त्यसै गरी, अर्थराजनीतिमा पछि परेका सोइतहरू पनि सोलकनको श्रेणीमा झरेका हुन् कि भन्ने पनि देखिन्छ । यो लेखककै भोगाइमा कतिपय विद्वान् र समृद्ध सोलकनहरूको भाषा सोइत मैथिली महसुस हुन्छ भने कतिपय सोइत प्रतिनिधिहरू पनि सोलकन मैथिलीको पक्षधर भएर सोइतहरूको बीचमा ओझेलमा परेका देखिन्छन् । राजनीतिक उचाइमा पुगे पनि मातृका प्रसाद यादवको भाषा-संस्कृति, लवाइ-खवाइ सोलकन श्रेणीमै यथावत देखिन्छ ।[१३] सोइत र सोलकनबीच वंशाणुगत आधारमा अझै पनि विभेद जारी छ । र, यस्तो विभेद अझ नेपाल र भारतका मिथिला क्षेत्रमा मैथिल र मैथिलीको नाममा हुने सम्मान/पुरस्कार वितरणमा प्रस्टै देखिन्छ (हेर्नुहोस्, अनुसूची २ र ३) । सोइत र सोलकनमाझ अनेकौँ अन्तर्द्वन्द्व भए पनि यी अन्तर्द्वन्द्व सतहमा जति उजागर हुनुपर्ने हो त्यति भएका छैनन् तर भूसको आगो झैँ फैलिँदो छ ।

सोइत र सोलकन बीचका अन्तर्द्वन्द्व/विभेदले समाजमा केही चुनौती थपेका छन् । पहिलो, सामाजिक उथल-पुथलको सम्भावना । संविधान निर्माणको अवधिमा मधेश कि मिथिला प्रदेश बनाउने भनेर जनकपुरमा जुन घटना घट्यो, त्यसको अन्तर्यमा यही अन्तर्विरोध थियो । अहिले पनि ९८ प्रतिशतले प्रयोग गर्ने भाषाहरूलाई बेवास्ता गर्दै सोइत समुदायको मात्रै भाषालाई मैथिली घोषित गरेर मधेश प्रदेशको एकल सरकारी कामकाजको भाषा बनाउने प्रयत्न जारी छ । दोस्रो, आर्थिक खाडल निर्माण हुने सम्भावना । पहाड मधेशभन्दा दुर्गम छ तर २०६९ सालको जनगणना प्रतिवेदनले देशकै सबैभन्दा चरम गरिबी भएको जिल्लाका रूपमा रौतहट देखा परेको छ । यसको अन्तर्यमा पनि यो अन्तर्द्वन्द्वको प्रभाव छ । किनभने यो क्षेत्र मैथिल नभए पनि यस जिल्लामा मैथिल ब्राह्मणहरू (सोइत) को राम्रो पकड छ, कर्मचारीतन्त्रमा र प्रत्यक्ष-अप्रत्यक्ष रूपमा राजनीतिमा पनि । तेस्रो, भाषिक परिवर्तनको सम्भावना । वि.सं. २०६९ अगाडिका जनगणना प्रतिवेदनमा मगही भाषाको उल्लेख थिएन, तर त्यस वर्षको जनगणनामा मगही पनि देखियो र सम्भवतः २०७९ को जनगणनामा मगही भाषीको संख्या अझै बढ्ने छ । यसको साथै, प्रतिष्ठा आर्जन गरेको मैथिलीको विरोधमा जनमत बन्ने सम्भावना पनि त्यतिकै देखिन्छ । र चौथो, शान्तिमा खलल पुग्ने आशंका । जब अर्थ-राजनीतिक, भाषिक, सांस्कृतिक अन्तर्द्वन्द्वले चरम रूप लिन्छ, त्यस क्षेत्रको ठूलो जनसंख्या राज्यले दिने अवसरबाट वञ्चित हुन पुग्छ । परिणाम स्वरूप त्यसले सर्वसाधारण मानिसलाई चरम गरिबीतिर धकेल्छ वा ठूलै जनविद्रोह उत्पन्न

[१३] पूर्वमन्त्री यादवसँग यसबारे मे २५, २०२२ मा जिज्ञासा राख्दा अब पुरानो घेरामा सोइत-सोलकन वर्गीकरणलाई राख्न नहुने सुझाव आएको थियो ।

हुन सक्छ । गरिबी वा जनविद्रोह जे भए पनि शान्ति भंग हुने खतरा यो वर्गीय विभेदले खडा गर्ने निश्चित छ ।[१४]

## उपसंहार

राष्ट्रिय-वर्गीय विभेदको शताब्दीऔँ लामो परम्परालाई इतिहास बनाउने प्रयत्न स्वरूप देशमा संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनमा छ । कुनै पनि बहुजातीय वा बहुराष्ट्रिय देशमा शासक जाति वा राष्ट्रको उत्पीडन यदि शासित जाति वा राष्ट्रले खेप्नुपरेको छ भने पहिले जातीय विभेदको अन्त्य नगरिकन वर्गीय उत्पीडनलाई अन्त्य गर्न सकिन्न । राष्ट्रिय उत्पीडनलाई यथावत राख्न शासक राष्ट्रले खोक्रो राष्ट्रवादको नारा दिन्छ, जुन हामीले नेपालमा देखि-भोगिरहेका छौँ । हुन त हामीकहाँ संघीयताको स्वरूप राष्ट्रिय पहिचान अनुरूप हुनुपर्ने हो तर त्यस्तो हुन सकेन । यसको बाबजुद राष्ट्रिय पहिचानको आधारमा आंशिक रूपमै भए पनि मधेश प्रदेशको स्थापना हाम्रै संघर्षको प्रतिफल हो । आत्मनिर्णयको अधिकार सहितको जातीय/राष्ट्रिय पहिचानको आधारमा संघीयता स्थापित नभई नेपालमा समाजवाद असम्भव छ ।

सोइत र सोलकनको उत्पत्ति, संकुचन, विस्तार र उनीहरूमाझ रहेका भाषिक, सांस्कृतिक र अर्थ-राजनीतिक भिन्नता/विभेद र अन्तर्द्वन्द्वबारे यो लेखमा चर्चा गरियो । खासमा सोइत र सोलकन बीचको अन्तर्द्वन्द्व यसरी सतहमा आउनु भनेकै यसको समाधान खोजेर क्रमशः प्रकृति र मानव बीचको द्वन्द्व र सम्मिलनको बीच उन्नत मानव समाजको निर्माणको अभीष्ट पनि हो । यस अभीष्टलाई मधेश प्रदेशले राजनीतिक रूपमा पूरा गर्ने दायित्व बोक्नै पर्दछ । सामन्ती व्यवस्थाले ठड्याएका यस्ता विभेदहरूलाई बल प्रयोग गरी दबाएर राख्नुभन्दा मुखर रूपमा उजागर गराएरै समाधानको बाटोतिर जानु श्रेयष्कर हुनेछ ।

त्यसै गरी, सोइत र सोलकनबीच द्वन्द्व कम गर्न केही न केही उपाय अपनाउनु आवश्यक समेत छ । मेरा विचारमा ती उपाय यी हुन सक्छन् : पहिलो, राज्यले उपलब्ध गराउने अवसरहरूमा सोइत र सोलकनबीच न्यायिक वितरण । दोस्रो, उनीहरूलाई वर्गीय रूपमा एक-अर्काको प्रतिद्वन्द्वीको रूपमा विकसित हुन नदिई सकारात्मक विभेदको नीति अनुरूप क्षतिपूर्ति सहित सोलकन समुदायको सबलीकरण । तेस्रो, भाषिक रूपमा अजेय बहुमतमा रहेका सोलकनको भाषा संस्कृतिलाई तिरस्कार नगरी मैथिलीको कथ्य र लेख्य रूपमा समानता ल्याउने प्रयत्नको थालनी । र चौथो, समाजवाद उन्मुख संविधान कार्यान्वयनमा राज्यले विशेष तदारुकता देखाई राज्य श्रमजीवीहरूको पक्षपाती हो भन्ने अनुभूति प्रदान

[१४] माओवादी जनयुद्धभन्दा अगाडि मधेशीहरूमाथि राष्ट्रिय उत्पीडनको विभेद त थियो तर यसको स्वीकारोक्ति शासकहरूमा थिएन । फलतः मधेशीहरूको भाषा, संस्कृति, अर्थव्यवस्था, सामाजिक व्यवस्था, क्रमशः धराशयी हुँदै थियो र हदैसम्म क्षयीकरण बेहोर्‍यो पनि ।

गर्नु । यी विषयमा ध्यान दिन सकियो भने कमसेकम उनीहरू बीचको सामाजिक दुरी, अन्तर्द्वन्द्व र विभेद कम हुने विश्वास गर्न सकिन्छ ।

## धन्यवाद

यो शोधकार्यका लागि शास्त्रीय स्रोतहरूको चरम अभाव खट्किएको सन्दर्भ माथि नै आइसकेको छ । अतः स्थलगत रूपमा जनस्तरमा रहेको अनुभूतिको जानकारीका लागि विभिन्न महानुभावहरूको सहयोगबिना यो कार्य असम्भव थियो । तसर्थ मैले विभिन्न मितिमा विभिन्न महानुभावहरूसँग सम्पर्क गरी मूलतः श्रव्य यन्त्रको प्रयोग गरी उहाँहरूको अनुभूति संकलन गरेँ । उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

## सन्दर्भ सामग्री

अग्रवाल, वासुदेवशरण (व्याख्याकार) । सन् १९६२ । *महाकवि विद्यापतिकृत कीर्तिलता (अवहट्ट भाषाका काव्य, मूल तथा संजीवनी व्याख्या सहित)* । झाँसी : साहित्य सदन ।

कारीगर, किशन । सन् २०२१ । *मिथिला मैथिली के दुर्दशा लैए दोखी के सब हइ/अछि ?* https://sahityapedia.com/मिथिला-मैथिल-के-दुर्दशा-१६३६८० मा उपलब्ध, जनवरी १९, २०२३ मा हेरिएको ।

कुमार, राधारमण । सन् २०१० । दरभंगा राजघराना : केओ नहि पूछनिहार । *दैनिक भास्कर*, अक्टुबर २१ ।

झा, नेहा । २०७६ । नवविवाहिताका लागि शिक्षा र मनोरञ्जनको पर्व मधुश्रावणी । *सेतोपाटी*, साउन ७ । www.setopati.com/social/186355 मा उपलब्ध; माघ २०, २०७९ मा हेरिएको ।

झा, योगाकर । सन् २०१० । अथ श्री सरिसब-पाही कथा शुरू । http://sarisab-pahi.blogspot.com/2010/ मा उपलब्ध; माघ २०, २०७९ मा हेरिएको ।

झा, शशिनाथ, सं. । सन् २०२० । *कवि विद्यापतिठाकुरकृत कीर्तिलता (अवहट्ट काव्य, विशुद्ध मूल पाठ, संस्कृत छायानुवाद, प्रबोधिनी हिन्दी-मैथिली-व्याख्या एवं विस्तृत भूमिका सहित* । स्थान नखुलेको : भवनाथ झा ।

ठाकुर, बालकेश्वर । २०७८ । मगही र मैथिली भाषा विवाद । *जनकपुर टुडे*, माघ २५ । www.ejanakpurtoday.com/2022/02/08/46317/ मा उपलब्ध; माघ ८, २०७९ मा हेरिएको ।

देवकोटा, गृष्मबहादुर । २०३५ । *नेपालको राजनीतिक दर्पण* । भाग १ । वाराणसी : केशवचन्द्र गौतम ।

नेपाल सरकार । २०७२ । *नेपालको संविधान, २०७२* । काठमाडौँ : नेपाल सरकार ।

पोखरेल, बालकृष्ण, बासुदेव त्रिपाठी, वल्लभमणि दाहाल, कृष्णप्रसाद पराजुली, गोपीकृष्ण शर्मा र हर्षनाथ भट्टराई, सं. । २०७५ । *नेपाली बृहत् शब्दकोश* । संशोधित र परिवर्द्धित दसौँ संस्करण । काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

यादव, दिनेश । सन् २०१९ । 'सोलकन' शब्दकें अर्थ । https://madheshinepali.blogspot.com/2019/01/blog-post_12.html मा उपलब्ध; माघ २२, २०७९ मा हेरिएको ।

यादव, दिनेश । २०७८ । मैथिली कि मगही ? *नेपाल खोज*, भदौ १ । www.nepalkhoj.com/2021/08/17/115646/ मा उपलब्ध; माघ २०, २०७९ मा हेरिएको ।

राउत, सिके । सन् २०१८ । *मैथिली भाषा सम्बन्धी जानकारी* । https://m.facebook.com/drckraut/posts/1939078046133676/ मा उपलब्ध, पुस ५, २०७९ मा हेरिएको ।

राय, गजेन्द्र कुमार (गजुर) । सन् २०१८ । फूटको राजनीति र 'मैथिली भाषा' माथिको आक्रमणको विरुद्धमा डा. राउतलाई पत्र । *मधेश एक्सप्रेस*, फेब्रुअरी २ । https://madheshexpress.com/2022/10/11/lettertodrckraut/ मा उपलब्ध; माघ ३, २०७९ मा हेरिएको ।

वर्मा, रामचन्द्र र बदरीनाथ कपूर, सं. । सन् १९९८ । *लोकभारती प्रामाणिक हिन्दी कोश* । संक्षिप्त संस्करण । इलाहाबाद : लोकभारती प्रकाशन ।

वर्मा, धीरेन्द्र । सन् १९५५ । *मध्यदेश : ऐतिहासिक तथा सांस्कृतिक सिंहावलोकन* । पटना : विहार-राष्ट्रभाषा-परिषद् ।

सक्सेना, बाबूराम, सं. । सन् २०१४ । *मैथिल कवि विद्यापति ठक्कुरकृत कृतिलता* । काशी : नागरी प्रचारिणी सभा ।

सहाय, बाबू ब्रजनन्दन, सं. । १९६५ । *मैथिल कोकिल विद्यापति* । आरा : नागरी प्रचारिणी सभा ।

सिंह, शिवप्रसाद, सं. । सन् १९६४ । *कीर्तिलता और अवहट्ठ भाषा* । वाराणसी : हिन्दी प्रचारक पुस्तकालय ।

हमाल, चाँदनी । २०७४ । *मिथिलामा मधुश्रावणी* । https://nagariknews.nagariknetwork.com/arts/125842-1500085140.html मा उपलब्ध; माघ ३, २०७९ मा हेरिएको ।

Basnet, Chudamani. 2019. The Federal Socialist Forum: Incipient Middle Caste Politics in Nepal? *Studies in Nepali History and Society* 24(2): 355–380.

Grierson, G.A. 1909. *An Introduction to the Maithili Dialect of the Bihari Language as Spoken in North Bihar.* Second Edition, Part I: Grammar. Calcutta: Asiatic Society.

Mishra, Jayakanta. 1949. *A History of Maithili Literature.* Vol. 1: Early and Middle Periods. Allahabad: Tirbhukti Publications.

Pandey, Anshuman. 2014. Recasting the Brahmin in Medieval Mithila: Origins of Caste Identity among the Maithil Brahmins of North Bihar. PhD diss., University of Michigan.

Srinivas, M.N. 1956. A Note on Sanskritization and Westernization. *The Far Eastern Quarterly* 15(4): 481–496.

Taylor, Charles. 2004. *Modern Social Imaginaries.* Durham, NC: Duke University Press.

Thakur, Upendra. 1956. *History of Mithila (Circa 3000 BC–1556 AD).* Darbhanga: Mithila Institute.

Yadav, Surya Prasad. 2021. *A Sociolinguistic Study of Maithili.* PhD diss., Tribhuvan University.

## अनुसूची १ : अध्ययन क्रममा कुराकानी गरिएका व्यक्तिहरूको नामावली

**रोशन जनकपुरी, धनुषा :** मैथिली भाषालाई सरलीकृत रूपमा उभ्याउने कोसिस गर्ने वरिष्ठ साहित्यकार, माओवादी आन्दोलनका योद्धा, मैथिल कायस्थ। (कुराकानी मिति : मे २२, २०२२)

**रामरिझन यादव, सिरहा :** प्राध्यापन पेशामा रहेर बिस्तारै राजनीतिक रूपले माओवादी आन्दोलनमा सक्रिय रही हाल जसपामा आबद्ध मधेशका समस्याहरूमाथि कलम चलाउने सामाजिक अभियन्ता र पत्रकार। (कुराकानी मिति : मे २५, २०२२)

**रामा मण्डल, मोरङ** : रेडियो नेपालसँग दशकौँ आबद्ध रही मिथिला र मैथिलको सम्मान र स्वभिमानमा दर्जनौँ गीत रेकर्ड गराउने वरिष्ठ गायक। (कुराकानी मिति : मे २५, २०२२)

**मातृका प्रसाद यादव, धनुषा** : सामाजिक-राजनीतिक अभियन्ता, मधेशलाई राष्ट्रको रूपमा स्थापित गरी मधेशमा जनयुद्धको लहर ल्याउने एक योद्धा तथा पूर्वमन्त्री र नेकपा (माओवादी केन्द्र) का उपमहासचिव। (कुराकानी मिति : मे ३१, २०२२)

**तनुजा चौरसिया, सप्तरी** : दर्जनौँ मैथिली गीत रेकर्ड गराएकी सुपरिचित गायिका। (कुराकानी मिति : जुन २०, २०२२)

**कमल मण्डल, धनुषा :** सामाजिक अभियन्ता तथा संगीत र अभिनय क्षेत्रका कुशल कलाकार। (कुराकानी मिति : जुन २०, २०२२)

**डा. चन्देश्वर साह, धनुषा** : त्रिभुवन विश्वविद्यालयबाट मैथिलीमा विद्यावारिधि उपाधिप्राप्त बुद्धिजीवी, खानेपानी संस्थानमा उच्च पदस्थ अधिकारी रहिसकेका तथा रेडियो नेपालमा मैथिली समाचार र कार्यक्रमका शुरूआतकर्ता। (कुराकानी मिति : जुन २०, २०२२)

**बलदेव साह, धनुषा** : सामाजिक अभियन्ता र सोलकन समाजका संयोजक। (कुराकानी मिति : जुन २०, २०२२)

**सन्त आलोक, धनुषा** : कबीरपन्थी समाजिक अभियन्ता सन्त, सोलकन समाज र मगही आन्दोलनको सशक्त व्यक्तित्व। (कुराकानी मिति : जुन २३, २०२२)

**रामजी राय यादव, सर्लाही** : यादवहरूको माइजन वा मान्यजन। (कुराकानी मिति : जुलाई ३, २०२२)

**रामचन्द्र कुशवाहा, महोत्तरी** : सामाजिक अभियन्ता, पिछडावर्ग र मगही आन्दोलनका अभियन्ता। (कुराकानी मिति : जुलाई ३, २०२२)

**शोभा महतो, महोत्तरी** : समाजशास्त्री, भाषाशास्त्री तथा हाल मधेश प्रदेश लोकपाल आयोगकी सदस्य। (कुराकानी मिति : जुलाई ५, २०२२)

**सरिता साह, महोत्तरी** : स्थापित नाट्य तथा सिनेकर्मी। (कुराकानी मिति : जुलाई ५, २०२२)

## अनुसूची २ : भाषा/साहित्यमा पुरस्कार पाउनेको सूची

नेपाल विद्यापति मैथिली भाषा/साहित्य पुरस्कार तथा दुई लाख नगद :

१) डा. राजेन्द्र प्रसाद 'विमल,' धनुषा, २०६८ (सोइत)
२) रामभरोस कपडि 'भ्रमर,' धनुषा, २०६९ (सोलकन)
३) डा. रेवतीरमण लाल, धनुषा, २०७० (सोइत)
४) रामानन्द युवा क्लब, धनुषा, २०७१ (सोइतबाहुल्य सामाजिक संस्था)
५) मिथिला नाट्यकला परिषद्, धनुषा, २०७३ (सोइतबाहुल्य सामाजिक संस्था)
६) रोशन जनकपुरी, धनुषा, २०७४ (सोइत)
७) चन्द्रशेखर उपाध्याय, धनुषा, २०७६ (सोइत)

नेपाल विद्यापति मैथिली कला/संस्कृति पुरस्कार तथा एक लाख नगद :

१) रञ्जु झा, महोत्तरी, २०६८ (सोइत)
२) महेन्द्र मलंगिया, भारत, २०६९ (सोइत)
३) रामशोभित राउत, धनुषा, २०७० (सोलकन)
४) श्यामसुन्दर यादव, सिरहा, २०७१ (सोलकन)
५) नवीनकुमार मिश्र, रौतहट, २०७३ (सोइत)
६) रामसागर पंडित, धनुषा, २०७४ (सोलकन)
७) लक्ष्मण मण्डल, धनुषा, २०७६ (सोलकन)

नेपाल विद्यापति मैथिली अनुसन्धान पुरस्कार तथा एक लाख नगद :

१) डा. रामावतार यादव, धनुषा, २०६८ (सोलकन)
२) प्रा.डा. योगेन्द्रप्रसाद यादव, सिरहा, २०६९ (सोलकन)
३) प्रा.डा. सुनिल कुमार झा, सप्तरी, २०७० (सोइत)
४) डा. बासुदेव लाल दास, पर्सा, २०७१ (सोइत)
५) प्रा.डा. वीरेन्द्र पाण्डे, महोत्तरी, २०७३ (सोइत)
६) प्रा.डा. देवनारायण यादव, सर्लाही, २०७४ (सोलकन)
७) दिनेश यादव, सप्तरी, २०७६ (सोलकन)

नेपाल विद्यापति मैथिली पाण्डुलिपि पुरस्कार :

१) उपेन्द्र भगत 'नागवंशी,' धनुषा, २०७६ (सोलकन)

नेपाल विद्यापति मैथिली अनुवाद पुरस्कार :

१) शिवनारायण पंडित, मोरङ, २०७६ (सोलकन)

*स्रोत : https://madheshinepali.blogspot.com/2020/09/*

## अनुसूची ३ : सन् १९६६ देखि २०१४ सम्म भारतमा मैथिलीको साहित्य अकादमी पुरस्कार पाउनेहरू

| क्र.सं. | नाम | सोइत/सोलकन | वर्ष (इस्वी संवत्)* |
|---|---|---|---|
| १. | यशोधर झा | सोइत | १९६६ |
| २. | वैद्यनाथ मिश्र यात्री | सोइत | १९६८ |
| ३. | उपेन्द्रनाथ झा | सोइत | १९६९ |
| ४. | काशीकान्त मिश्र 'मधुप' | सोइत | १९७० |
| ५. | सुरेन्द्र झा 'सुमन' | सोइत | १९७१ |
| ६. | ब्रजकिशोर वर्मा 'मणिपद्म' | सोइत | १९७३ |
| ७. | गिरीन्द्रमोहन मिश्र | सोइत | १९७५ |
| ८. | बैद्यनाथ मल्लिक 'विधु' | सोइत | १९७६ |
| ९. | राजेश्वर झा (मरणोपरान्त) | सोइत | १९७७ |
| १०. | उपेन्द्र ठाकुर 'मोहन' | सोइत | १९७८ |
| ११. | तन्त्रनाथ झा | सोइत | १९७९ |
| १२. | सूधांशु शेखर चौधुरी | सोइत | १९८० |
| १३. | मार्कण्डेय प्रवासी | थरले प्रस्ट नभएको | १९८१ |
| १४. | लिली राय | सोइत | १९८२ |
| १५. | चन्द्रनाथ मिश्र 'अमर' | सोइत | १९८३ |
| १६. | आरसी प्रसाद सिंह | सोइत | १९८४ |
| १७. | हरिमोहन झा (मरणोपरान्त) | सोइत | १८८५ |
| १८. | सुभद्र झा | सोइत | १९८६ |
| १९. | उमानाथ झा | सोइत | १९८७ |
| २०. | मायानन्द मिश्र | सोइत | १९८८ |
| २१. | कांचीनाथ झा 'किरण' (मरणोपरान्त) | सोइत | १९८९ |
| २२. | प्रभास कुमार चौधुरी | सोइत | १९९० |
| २३. | रामदेव झा | सोइत | १९९१ |
| २४. | भीमनाथ झा | सोइत | १९९२ |

| क्र.सं. | नाम | सोइत/सोलकन | वर्ष (इस्वी संवत्)* |
|---|---|---|---|
| २५. | गोविन्द झा | सोइत | १९९३ |
| २६. | गंगेश गुंजन | थरले प्रस्ट नभएको | १९९४ |
| २७. | जयमन्त मिश्र | सोइत | १९९५ |
| २८. | राजमोहन झा | सोइत | १९९६ |
| २९. | कीर्तिनारायण मिश्र | सोइत | १९९७ |
| ३०. | जीवकान्त झा | सोइत | १९९८ |
| ३१. | साकेतानन्द (एस. एन. सिंह) | सोइत | १९९९ |
| ३२. | रमानन्द रेणु | थरले प्रस्ट नभएको | २००० |
| ३३. | बबुआजी झा 'अज्ञात' (मरणोपरान्त) | सोइत | २००१ |
| ३४. | सोमदेव | थरले प्रस्ट नभएको | २००२ |
| ३५. | निरजा रेणु (कामाख्या देवी) | थरले प्रस्ट नभएको | २००३ |
| ३६. | चन्द्रभानु सिंह | सोइत | २००४ |
| ३७. | विवेकानन्द ठाकुर | सोइत | २००५ |
| ३८. | विभूति आनन्द | थरले प्रस्ट नभएको | २००६ |
| ३९. | प्रदीप विहारी | थरले प्रस्ट नभएको | २००७ |
| ४०. | मन्त्रेश्वर झा | सोइत | २००८ |
| ४१. | मनमोहन झा (मरणोपरान्त) | सोइत | २००९ |
| ४२. | उषाकिरण खान | सोइत | २०१० |
| ४३. | उदयचन्द्र झा 'विनोद' | सोइत | २०११ |
| ४४. | शेफालिका वर्मा | सोइत | २०१२ |
| ४५. | सुरेश्वर झा | सोइत | २०१३ |
| ४६. | आशा मिश्र | सोइत | २०१४ |

*स्रोत : http://bharatdiscovery.org/india/*

** सन् १९६७, १९७२ र १९७४ मा कुनै पुरस्कार दिइएको थिएन ।*